स्वीकृत मिति: २०८०/०६/१४

# वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश सरकारबाट कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत सुदुरपश्चिम प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८०" रहेको छ

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले सुदुरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६सम्झनु पर्छ ।

(ख) "कार्यालय वा कार्यान्वयन गर्ने निकाय" भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रालय र अन्तर्गतका कार्यालय सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेश भित्रका गाउँपालिका, नगरपालिका तथा उपमहानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन मापदण्ड

### ३. स्थानीय तहको साझेदारीमा कृषिको व्यवसायिक फर्म सञ्चालन कार्यक्रम

**(१) परिचय**

कृषि क्षेत्रमा व्यवसायिकरण गर्न, व्यवसायिक कृषि कार्यमा लागेर स्वरोजगार सृजना गरी राखेका युवाहरुलाई कृषि उद्यमी बन्नका लागि थप हौसला प्रदान गर्न प्रदेश सरकार तथा स्थानीय तहको संयुक्त प्रयासले मात्र सम्भव देखिएकोले स्थानीय तह तथा प्रदेश सरकारका कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

**(२) उद्देश्य**

(क) व्यवसायिक कृषि फर्महरु प्रवर्द्धन गर्नु ।

(ख) स्थानीय तहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरी कार्यक्रमको पारदर्शिता र प्रभावकारीता बढाउनु ।

(ग) बजारको माग अनुसारको कृषि उत्पादन गर्न प्रोत्साहन गर्नु ।

**(३) लक्षित समुहः** व्यवसायिक कृषि फर्म ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) तरकारी खेती तर्फ
- पोलि हाउस निर्माण
- साना सिचाई पूर्वाधार सहयोग
- उत्पादन सामग्रीहरु

(ख) फलफूल खेती तर्फ
- साना सिचाई पूर्वाधार निर्माण
- क्षेत्र विस्तार तथा बगैचा सुदृढीकरण
- औजार उपकरण खरीद

(ग) पशुपालन तर्फ
- गोठ/खोर सुधार मर्मत
- नश्ल सुधार
- घाँस खेती

(घ) स्थानीय कुखुरापालन तर्फ
- खोर निर्माण

(ङ) माछापालन तर्फ
- पोखरी निर्माण तथा सुधार
- औजार उपकरण खरीद
- बोरीङ

**(५) अपेक्षित उपलब्धिहरुः** थप सुविधा सहित व्यवसायिक कृषि फर्महरु प्रवर्द्धन भएको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** जम्मा लागतको मन्त्रालय र स्थानीय तहले ५० प्रतिशत र सम्बन्धित फर्मले ५० प्रतिशत लगानी ब्यहोर्ने गरी मन्त्रालयबाट बढीमा ४ लाखसम्म रकम अनुदान उपलब्ध गराउने ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) एक स्थानीय तहले एक मात्र व्यवसायिक कृषि फर्म सञ्चालनका लागि सिफारीस गर्ने ।

(ख) स्थानीय तहले प्रस्ताव पेश गर्दा तोकिएको ढाँचामा सम्बन्धित फर्मको लिखित निवेदन तथा कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने ।

(ग) कृषि फर्म दर्ता गरी एक बर्षदेखि निरन्तर रुपमा व्यवसायिक कृषि कार्य गरी राखेको हुनुपर्ने ।

(घ) विगत दुई वर्षभित्र रु १ लाख भन्दा बढी रकम कुनै पनि निकायबाट अनुदान नपाएको हुनुपर्ने। यस बारेमा सम्बन्धित फर्मले स्वघोषणा पेश गर्नुपर्ने ।

(ङ) स्थानीय तहले फर्म छनौट गर्दा युवाहरु मिलेर सञ्चालन गरेको फर्मलाई प्राथमिकता दिनुपर्ने ।

(च) व्यवसायिक फर्मको प्रकृतिः देहाय अनुसारको मापदण्ड पुगेका ब्यवसायिक फर्महरुलाई मात्र छनौट गर्ने ।

| **बाली/वस्तु** | **क्षेत्रफल/संख्या** | | |
|---|---|---|---|
| | **तराई** | **मध्य पहाड** | **उच्च पहाड** |
| तरकारी | १.५ हेक्टर | १० रोपनी | ५ रोपनी |
| फलफूल (केरा बाहेक) | १ हेक्टर | १५ रोपनी | १५ रोपनी |
| भैसी (दुध दिने) | १० वटा | ८ वटा | ७ वटा |
| गाई (दुध दिने) | २० वटा | १० वटा | १० वटा |
| बंगुर माउ | १५ वटा | १० वटा | १० वटा |
| बाखा | ५० वटा | १०० वटा | ५० वटा |
| कुखुरा स्थानीय | ५०० वटा | ३०० वटा | २०० वटा |
| माछा | ५ हेक्टर जलासय | | |

## ४. <u>प्राङ्गारिक मल उत्पादनका लागि मेसिन खरीद कार्यक्रम</u>

**(१) परिचय**

माटोको भौतिक, रासायनिक तथा जैविक गुणमा सुधार गरी माटोको उर्वराशक्ति बृद्धि गरेर कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न प्राङ्गारिक पदार्थको महत्वपूर्ण भूमिका हुन्छ । कृषकहरुले गाईवस्तु कम पाल्ने गरेको कारणले गर्दा खेतबारीमा गोबर मलको प्रयोग घट्दै जानु, उपलब्ध गोठेमल तथा कम्पोष्ट मल पनि गुणस्तरीय नहुनुका कारण माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम हुँदै गइराखेकोले छोटो अवधिमा नै गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने प्रविधिको प्रयोग गरी माटोमा प्राङ्गारिक पदार्थको मात्रा बृद्धि गरेर माटो सुधार गर्नुका साथै उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु अपरिहार्य भएको छ ।

**(२) उद्देश्य**

(क) छोटो अवधिमा गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने प्रविधि कृषकहरु समक्ष पुऱ्याउनु ।

(ख) छोटो अवधिमा नै गुणस्तरीय कम्पोष्ट मल उत्पादन गरी खेतीबारीमा प्रयोग गरेर माटोमा भौतिक, रासायनिक तथा जैविक गुण सुधार गर्नु ।

(ग) बालीनालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु ।

**(३) लक्षित वर्गः** कृषि उद्यमी, कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म, गौशाला, स्थानीय तह

**(४) प्रमुख क्रियाकलापहरु**

(क) अनुदानग्राहीलाई गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने मेसिन उपलब्ध गराउने ।

(ख) अनुदानग्राहीले कम्पोष्ट मल उत्पादन गर्ने टहरा निर्माण गर्ने ।

(ग) अनुदानग्राहीलाई मेसिनको प्रयोग गरी गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्न सहयोग गर्ने ।

(घ) उत्पादित कम्पोष्ट मलको सही प्रयोग गर्न लगाउने ।

**(५) अपेक्षित उपालब्धिहरु**

(क) छोटो अवधिमा नै गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने प्रविधिको प्रयोग भएको हुने ।

(ख) गुणस्तरीय कम्पोष्ट मलको प्रयोगबाट माटोको गुणस्तर सुधार भएको हुने ।

(ग) उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहयोग पुगेको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** मन्त्रालयले गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने मेसिन खरीद गरी अनुदानग्राहीलाई उपलब्ध गराउने र अनुदानग्राहीले मेसिन जडान गर्न जमिन उपलब्ध गराएर टहारा निर्माण गर्ने ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) मन्त्रालयले प्राङ्गारिक मल उत्पादन गर्ने मेसिन खरीद गरी प्राङ्गारिक मल उत्पादन गर्न छनौट भएका कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी वा कृषि फर्म, गौशाला, स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

(ख) प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूह वा कृषि/बहुउद्देश्यीय सहकारी वा फर्म, गौशालालाई मात्र कार्यक्रममा समावेश गरीनेछ ।

(ग) नियमानुसार दर्ता भई स्थानीयतहको समन्वयमा सञ्चालनमा रहेका गौशालाहरुलाई प्राथमिकता दिइनेछ ।

(घ) प्राङ्गारिक मल उत्पादन गर्न प्रस्ताव पेश गर्ने कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी, कृषि फर्म, गौशाला, स्थानीय तहले कम्तिमा २ कट्ठा जमीन भएको प्रमाण (स्वामित्व/करारनामा/लिज) पेश गर्नु पर्ने । करारनामा/लिज को हकमा कम्तिमा १५ वर्ष सम्मको हुनुपर्ने ।

(ङ) छनौट भएको कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी, कृषि फर्म, गौशाला, स्थानीय तहले आफ्नै खर्चमा टहरा निर्माण गर्नु पर्ने ।

(च) प्राङ्गारिक मल उत्पादनका लागि आवश्यक कच्चा पदार्थ पाईने स्थानलाई प्राथमिकता दिईने ।

(छ) अन्य कुनै निकायले लागत साझेदारी गर्ने कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी, कृषि फर्म, गौशाला, स्थानीय तहलाई प्राथमिकता दिने ।

(ज) प्राङ्गारिक मल उत्पादन गर्ने मेसिन मन्त्रालयले उपलब्ध गराए पछि अनुदानग्राहीले नियमितरुपमा प्राङ्गारिक मल उत्पादन गर्नु पर्ने ।

(झ) उत्पादित प्राङ्गारिक मल अनुदानग्राहीले आ-आफ्नो खेतबारीमा प्रयोग गर्न पहिलो प्राथमिकता दिनुपर्नेछ । प्राङ्गारिक मलको उत्पादन लागत हिसाव गरेर संचालक समितीले निर्धारण गरेको दर रेटमा बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**(८) कार्यान्वयन प्रक्रियाः** गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने कारखाना कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ ।

सम्बन्धित वडाको वडा अध्यक्षः संयोजक
सम्बन्धित वडाको वडा सचिवः सदस्य
कृषि ज्ञान केन्द्रले तोकेको कर्मचारीः सदस्य
अनुदानग्राही प्रमुख/प्रतिनिधी : सदस्य
सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुखः सदस्य-सचिव

**(९) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

(क) प्राङ्गारिक मल उत्पादन गर्नका लागि आवश्यक निर्णय गर्ने ।

(ख) उत्पादित कम्पोष्ट मलको गुणस्तर जाँच गराउने ।

(ग) उत्पादित मलको मूल्य निर्धारण गर्ने ।

(घ) उत्पादित मलको प्रयोग तथा बिक्रि वितरण सम्बन्धि निर्णय लिने ।

(१०) **विविधः** यदि अनुदानग्राहीले गुणस्तरीय कम्पोष्ट मल उत्पादन गर्ने मेसिन प्रयोग गरी कम्पोष्ट मल उत्पादन नगरेमा मन्त्रालय ले सम्बन्धित अनुदानग्राहीलाई स्पष्टिकरण सोधेर चित्त बुझ्दो जवाफ नआएमा वा सुधार नगरेमा मन्त्रालयले मेसिन जफत गरी अन्य अनुदानग्राहीलाई उपलब्ध गराउन सक्नेछ ।

## ५. बीउ उत्पादनका लागि गोदाम, औजार, प्रशोधन, प्याकेजिङ सहयोग कार्यक्रम

**(१) परिचय**

कृषि उत्पादनमा बीउको महत्वपूर्ण भूमिका हुन्छ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारी र बीउ कम्पनीहरु सँग आवश्यकतानुसार गोदाम घर, प्रशोधन गर्न तथा प्याकेजिङ गर्न उपकरणको अभाव भएका कारण यस प्रदेशको आवश्यतानुसार पुग्ने बीउ उत्पादन, प्रशोधन तथा भण्डारण हुन नसक्दा बीउ प्रतिस्थापन दरमा आशातित बृद्धि हुन सकिराखेको छैन । बीउ करोवारमा संलग्न कृषक समूह, कृषि सहकारी र बीउ कम्पनीहरुको भौतिक पूर्वाधारमा सुधार गर्न सकेमा यस प्रदेशमा गुणस्तरीय बीउ उत्पादन प्रशोधन तथा बजारीकरणमा सुधार भई अन्ततोगत्वा कृषक समुदाय लाभान्वित हुनेछन् ।

**(२) उद्देश्य**

(क) बीउ उत्पादन प्रशोधन तथा भण्डारण क्षमतामा सुधार गर्न सहयोग गर्नु ।

(ख) गुणस्तरीय बीउ कृषकहरुलाई उपलब्ध हुने वातावरण सृजना गर्नु ।

**(३) लक्षित वर्गः** कृषक समूह, कृषि सहकारी र बीउ कम्पनीहरु

**(४) प्रमुख क्रियाकलापहरु**

(क) बीउ भण्डारण गृह निर्माण ।

(ख) बीउ प्रशोधन तथा प्याकेजिङ उपकरण जडान ।

(ग) गुणस्तरीय बीउ बिक्री वितरण तथा अभिलेखिकरण ।

**(५) अपेक्षित उपालब्धिहरु**

(क) बीउ भण्डारण गृहहरु निर्माण भएका हुने ।

(ख) बीउको कारोवार गर्ने कृषक समूह, सहकारी र बीउ कम्पनीहरूले बीउ प्रशोधन तथा प्याकेजिङ उपकरण जडान गरेर गुणस्तरीय बीउ बिक्रीका लागि तयार हुने ।

(ग) कृषकहरुको माग सम्बोधन गर्ने गरी गुणस्तरीय बीउ बिक्री वितरण भएको हुने ।

**(६) अनुदान प्रतिशतः** समुह/कृषि सहकारीलाई कूल लागतको ८५ प्रतिशत र बीउ कम्पनीलाई कूल लागतको ५० प्रतिशत अनुदान प्रदान गरिने ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) बीउ उत्पादन तथा बिक्रि विषिणका लागि अनुमती प्राप्त गरेको प्रमाण ।

(ख) समुह/कृषि सहकारी /कम्पनीको नाममा योजना सम्पन्न गर्न चाहिने आवश्यक जमिन भएको प्रमाण ।

(ग) समुह/कृषिसहकारीले १५ प्रतिशत र कम्पनीले कूल लागतको ५० प्रतिशत रकम व्यहोर्न सक्ने प्रमाण

(घ) समुह/कृषि सहकारी/कम्पनीको लागत साझेदारी गर्ने र कार्यक्रम माग गर्ने बारे निर्णयको प्रतिलिपि ।

(ङ) व्यवसायिक योजना ।

(च) विगत २ वर्षभित्र यस प्रकारको अनुदान प्राप्त नगरेको स्वघोषणा ।

(छ) सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

(ज) गोदाम घरको डिजाइन मन्त्रालयले उपलब्ध गराए अनुसार हुनेछ ।

(८) **विविधः** अनुदानग्राहीले कम्तिमा ५ वर्षसम्म बिउको कारोवार गर्नुपर्ने । यदि अनुदान प्राप्त गरेको ५ वर्ष भित्र बिउको कारोवार गर्न छोडेमा मन्त्रालयले अनुदानमा उपलब्ध गराएका भौतिक सम्पति जफत गर्नेछ ।

## ६. लागत साझेदारीमा खाद्य गोदाम घर निर्माण कार्यक्रम

**(१) परिचय**

नेपालको संविधान २०७२ मा खाद्य अधिकार र खाद्य सुरक्षाको हक हुने व्यवस्था गरेको छ । विपदको अवस्थामा खाद्यान्नको अभाव हुन नदिन प्रत्येक स्थानीय तहमा खाद्य गोदाम घर निर्माण गर्ने सुदूरपश्चिम प्रदेश सरकारको नीति रहेको छ । तसर्थ स्थानीय तहको लागत साझेदारीमा खाद्यान्न गोदाम घर निर्माण गरेर स्थानीय स्तरमा खाद्यान्न भण्डारणमा सहयोग पुर्याउनु सुदूरपश्चिम प्रदेश सरकारको समेत दायित्व भएको कारण लागत साझेदारीमा गोदाम घर निर्माण गर्न आवश्यक देखिएको छ ।

**(२) उद्देश्य:** स्थानीय तहमा खाद्यान्न गोदाम घर निर्माण गरेर विपदको समयमा खाद्यान्न उपलब्ध गराउन सहयोग पुर्याउनु ।

**(३) लक्षित वर्गः** स्थानीय तह/ सरकारको स्वामित्व रहेका कम्पनी

**(४) प्रमुख क्रियाकलापहरु**

(क) खाद्यान्न गोदाम घर निर्माण ।

(ख) खाद्यान्न गोदाम घर सञ्चालन प्रक्रिया स्थापना ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) खाद्यान्न गोदाम घर निर्माण भएको हुने ।

(ख) विपद अवस्थामा उपलब्ध हुने गरी खाद्यान्न गोदाम घरमा खाद्यान्न भण्डारण भएको हुने ।

(ग) खाद्यान्न गोदाम घर सञ्चालन प्रक्रिया सुचारु भएको हुने ।

**(६) लागत साझेदारीः** स्थानीय तह वा सरकारको स्वामित्व रहेका कम्पनीले जमिन उपलब्ध गराउने र गोदाम घर निर्माण कार्य मन्त्रालयले गर्ने । मन्त्रालयले भवन निर्माण गरी सकेपछि मर्मत सम्भार, सञ्चालन तथा अन्य व्यवस्थापनको कार्य स्थानीय तह / सरकारको स्वामित्व रहेका कम्पनीले गर्ने ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) स्थानीय तह, सरकारको स्वामित्व रहेका कम्पनीलाई खाद्य गोदाम घर साझेदारीमा निर्माण गर्न प्रस्ताव माग गर्ने र भई राखेका गोदाम घरहरु सुदृढ कार्यका लागि स्थानीय तह वा सरकारको स्वामित्व रहेका कम्पनीले प्रस्ताव पेश गर्न सक्नेछ ।

(ख) खाद्य गोदाम घर निर्माणका लागि स्थानीय तह, सरकारको स्वामित्व रहेका कम्पनीसँग जग्गा भएको प्रमाण पेश गर्नुपर्ने ।

(ग) लागत साझेदारी गर्ने स्थानीय तहलाई प्राथमिकता दिइने ।

(घ) निर्माण गर्नु पर्ने खाद्यान्न गोदाम घरको क्षमता र अनुमानित लागत सहितको प्रस्ताव पेश गर्नुपर्ने ।

**(८) कार्यक्रम सञ्चालन प्रक्रियाः** स्थानीय तह वा सरकारको स्वामित्व रहेका कम्पनीसँग द्विपक्षिय सम्झौता गरेर मन्त्रालयले सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार खरीद प्रक्रिया अगाडि बढाउनेछ ।

## ७. स्थानीय तहको लागत साझेदारीमा कोल्ड स्टोर, कोल्ड च्याम्बर, कुल बुट निर्माण कार्यक्रम

**(१) परिचय**

तरकारी फलफूल जस्ता छोटो अवधिमा नै नोक्सान हुने कृषिजन्य वस्तुहरु र दुध तथा मासुजन्य पदार्थहरुलाई समेत सुरक्षित भण्डारण गर्नका लागि स्थानीयस्तरमा कोल्डस्टोर, कोल्ड च्याम्बर, कोलबुट जस्ता भण्डारण सुविधा नभएका कारण कृषकहरुले

व्यवसायिकरुपमा कृषि तथा पशुपंन्छीजन्य वस्तुहरु उत्पादन गर्न द्विविधा भएको र यस प्रकारका सुविधा नभएका कारण उपभोक्ताले समेत बेमौषममा स्थानीय उत्पादन उपभोग गर्न नपाएका कारण प्रत्येक स्थानीय तहमा कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुट जस्ता सुविधाहरु उपलब्ध गराउन अपरिहार्य छ । कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुट जस्ता भौतिम पूर्वाधार निर्माण तथा सञ्चालनमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुने भएका कारण लागत साझेदारीमा कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुट निर्माण गरेर सञ्चालनको जिम्मा स्थानीय तहले निर्माण गरेको सञ्चालन कार्यविधि अनुसार सहकारी, फर्म/कम्पनीले गर्नुपर्ने हुन्छ ।

**(२) उद्देश्य**

(क) स्थानीयस्तरमा नाशवान कृषिजन्य वस्तुहरु र दुध तथा मासुजन्य पदार्थहरुको संरक्षण तथा भण्डारण गर्ने सुविधा उपलब्ध गराउनु ।

(ख) व्यवसायिक रुपमा कृषि तथा पशुपंछी व्यवसाय सञ्चालन गर्ने वातावरण सृजना गर्नु ।

**(३) लक्षित वर्गः** स्थानीय तह, कृषि सहकारी, फर्म/कम्पनी

**(४) प्रमुख क्रियाकलापहरु**

(क) स्थानीयस्तरमा कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुट निर्माण गर्ने ।

(ख) निर्माण गरीएका कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुटलाई दिगोरुपमा सञ्चालन गर्न संरचनागत व्यवस्था तयार गर्ने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) स्थानीय स्तरमा कोल्ड स्टोर, कोल्ड च्याम्बर, कोलबुट निर्माण भएको हुने ।

(ख) स्थानीयस्तरमा उत्पादित नाशवान कृषि तथा पशुपंछीजन्य वस्तुहरुको सुरक्षित भण्डार गरीएको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** जम्मा लागतको मन्त्रालयले ५० प्रतिशत, स्थानीय तह र/वा सम्बन्धित सहकारी, फर्म/कम्पनीले ५० प्रतिशत ब्यहोर्ने ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) कोल्ड स्टोर, कोल्ड च्याम्बर, कुल बुट निर्माण चाहने सहकारी, फर्म/कम्पनीको नाममा आवश्यक जमिन भएको प्रमाण ।

(ख) सडक, पानी, विजुलीको सुविधा पुगेको हुनु पर्ने ।

(ग) कोल्ड स्टोर, कोल्ड च्याम्बर, कुल बुट निर्माण गर्न चाहने सहकारी, फर्म/कम्पनी ले कृषि बजारीकरण सम्बन्धी कारोवार गरी राखेको प्रमाण ।

(घ) कोल्ड स्टोर, कोल्ड च्याम्बर, कुल बुट निर्माण चाहने सहकारी, फर्म/कम्पनीको लागत साझेदारी गर्ने र कार्यक्रम माग गर्ने बारे निर्णयको प्रतिलिपि ।

(ङ) स्थानीय तह मार्फत प्रस्ताव पेश गर्ने ।

(च) व्यवसायिक योजना तयार गरी पेश गर्ने ।

(छ) सहकारी, फर्म/कम्पनीले विगत २ वर्ष भित्र यस प्रकारको अनुदान प्राप्त नगरेको स्वघोषणा ।

(ज) सम्बन्धित कृषि ज्ञान/विज्ञ केन्द्रको सिफारिस पत्र ।

(झ) कोल्ड स्टोर, कोल्ड च्याम्बर, कुलबुट सञ्चालन प्रक्रिया ।

(ञ) दीगोपना

**(८) सञ्चालन प्रक्रियाः** स्थानीय तहले स्विकृत गरेको सञ्चालन मोडालिटी अनुसार हुनेछ ।

## ८. <u>लागत साझेदारीमा कृषि वस्तु बजारीकरणका लागि साना ढुवानी साधन (Ambulatory van) सहयोग कार्यक्रम</u>

**(१) परिचय**

यस प्रदेशका तराई क्षेत्रमा अवस्थित कैलाली र कञ्चनपुर जिल्लाका ग्रामिण भेगका पकेट क्षेत्रहरुमा उत्पादित कृषि तथा पशुपंछीजन्य उत्पादनहरु संकलन गरी नजिकको स्थानीय बजार तथा मुख्य बजारहरु सम्म ढुवानी गरी लैजान कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरु संग ढुवानीको साधन नभएका कारण कृषकहरुले बजारमा लगेर बिक्री वितरण गर्न समस्या झेल्नु परीराखेको अवस्थालाई मध्येनजर गरी लागत साझेदारीमा साना ढुवानी साधनहरु उपलब्ध गराएर कृषि तथा पशुपंछीजन्य वस्तुहरुको बजारसम्म पहुँच बढाएर उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न प्रोत्साहन गर्न आवश्यक छ ।

**(२) उद्देश्य**

(क) कृषि तथा पशुपंछीजन्य वस्तुहरुको बजारीकरणमा सहयोग पुर्याउनु।

(ख) स्थानीय तथा शहरी क्षेत्रको कृषि तथा पशुपंछीजन्य वस्तुको माग पुर्ती गर्न सहयोग पुर्याउनु।

(ग) कृषि तथा पशुपंछीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न प्रोत्साहन गर्नु ।

**(३) लक्षित समुहः** कृषि उद्यमी, कृषक समूह, कृषि फर्म/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** साना ढुवानी साधन खरीद गरी अनुदानग्राहीलाई उपलब्ध गराउने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) कृषि तथा पशुपंछीजन्य वस्तुहरुको बजारीकरणमा सहयोग पुग्ने

(ख) स्थानीय तथा शहरी क्षेत्रको कृषि तथा पशुपंछीजन्य वस्तुको माग पुर्ती गर्न सहयोग पुग्ने

(ग) कृषि तथा पशुपंछीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न कृषकहरु प्रोत्साहित हुने

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** अनुदानग्राहीहरुले लागत इष्टिमेटको ५० प्रतिशत रकम ब्यहोर्नु पर्ने र बाँकी रकम कार्यक्रमबाट ब्यहोर्ने । स्थानीय तहले लागत साझेदारी गर्न चाहेमा मन्त्रालयले ब्यहोर्ने ५० प्रतिशत रकममा लागत साझेदारी गरीनेछ । अनुदानग्राहीले ब्यहोर्नु पर्ने ५० प्रतिशत रकम मन्त्रालयले उपलब्ध गराएको धरौटी खातामा जम्मा गरेपछि मात्र मन्त्रालयले सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरीद प्रक्रिया अपनाउने छ ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) कृषि फर्मका लागि

(१) कम्तिमा पनि ५ विघामा व्यवसायिक तरकारी खेती गरेको हुनुपर्ने वा

(२) व्यवसायिक रुपमा कम्तिमा २० वटा दुध दिने गाई भैसी पालन गरेको हुनुपर्ने वा

(३) व्यवसायिक रुपमा कम्तिमा १०००० ब्रोईलर वा ५००० लेयर्स कुखुरापालन गरेको हुनुपर्ने वा

(४) माछापालक कृषि फर्म ले कम्तिमा १० विघा जलाशयमा माछा पालन गरेको हुनुपर्ने ।

(ख) कृषक समूहका लागि

(१) समूहका कम्तिमा ५० प्रतिशत सदस्यहरुले ब्यवसायिक तरकारी खेती गरेर समग्रमा कम्तिमा १५ विघा पुग्नुपर्ने वा

(२) समूहका कम्तिमा ५० प्रतिशत सदस्यहरुले व्यवसायिकरुपमा गाई भैसी पालन गरेर कम्तिमा ५० वटा दुध दिने गाई भैसी पालन गरेको हुनुपर्ने वा

(३) समूहका कम्तिमा ५० प्रतिशत सदस्यहरुले व्यवसायिकरुपमा कम्तिमा २५००० ब्रोईलर वा १५००० लेयर्स कुखुरापालन गरेको हुनुपर्ने ।

(ग) कृषि सहकारीका लागि

विगत २ वर्ष देखि कृषि तथा पशुपंछी उत्पादन खरीद बिक्री गरी कृषि बजारीकरण सहयोग गरेको हुनुपर्ने ।

(घ) व्यवसायिक फर्म वा संकलकका लागि

कृषि पशुपंछी तथा मत्स्यको उत्पादन वा बजारिकरण कार्यमा विगत २ वर्ष देखि कार्य गरी राखेको हुनुपर्ने ।

**(८) अनुदानग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यकतानुसार)

(ख) कर चुक्ता प्रमाणपत्र (आवश्यकतानुसार)

(ग) प्यान भ्याट दर्ता प्रमाणपत्र (आवश्यकतानुसार)

(घ) ज्ञान केन्द्र वा विज्ञ केन्द्रको सिफारीस

(ङ) मापदण्ड अनुसार खेती गरेको वा पशुपंछी पालन गरेको प्रमाण

(च) कृषि पशुपंछी तथा मत्स्य वस्तुहरु संकलन गर्ने फर्म वा सहकारीले कुन कुन उत्पादन क्षेत्रबाट संकलन गरी राखेको छ सो को विवरण

(९) **सञ्चालन प्रक्रिया:** यो कार्यक्रम सञ्चालनका लागि देहायको समिति हुनेछ ।

(क) स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्षः संयोजक

(ख) कृषि ज्ञान केन्द्र वा विज्ञ केन्द्रले तोकेको प्रतिनिधिः सदस्य

(ग) अनुदानग्राहीको प्रमुखः सदस्य

(घ) सम्बन्धित स्थानीय तहको पशुपंन्छी शाखाको प्रमुखः सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुखः सदस्य-सचिव

**(१०) यस समितिको काम,कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछन् ।**

(क) सदुपयोग भए नभएको अनुगमन गर्ने ।

(ख) ढुवानी दर रेट निर्धारण गर्ने ।

(ग) खरीद बिक्री को विवरण केन्द्रलाई पठाउने गर्ने ।

(घ) अन्य आइ परेका समस्याहरु सुल्झाउने

(११) **छनौटका लागि प्राथमिकताः** कुनै स्थानीय तहले साना ढुवानी साधन खरीदमा कुनै समूह, सहकारी, फर्मका लागि लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएमा त्यस्ता समूह, सहकारी, फर्म लाई छनौट कार्यमा प्राथमिकता दिइने छ ।

(१२) **अनुदानग्राहीको दायित्वः** साना ढुवानी साधनहरुको दिगो उपयोग संरक्षण मर्मत सम्भार र सम्बर्द्धन गर्ने जिम्मेवारी अनुदानग्राहीको हुनेछ । ढुवानी साधन खरीद पश्चातका कार्यहरु (दर्ता, नामसारी, नविकरण गर्ने) को सम्पूर्ण जिम्मेवारी प्रचलित ऐन नियम बमोजिम सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## ९. सरोकारवालाहरुको सहकार्यमा प्रदेशमा साझेदारिमा सहकारी सम्बन्धि तालिम गोष्ठि सञ्चालन कार्यक्रम

**(१) परिचय**

सहकारी संघ सस्थाहरुका पदाधिकारीहरु र कर्मचारीहरुलाई सहकारी सस्था सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि गर्न अति नै आवश्यक देखिएकोछ । सहकारी कर्मीहरुको क्षमता अभिबृद्धिका साथै सचेतना कार्यक्रमहरु सञ्चालन गर्नका लागि जिल्ला तथा प्रदेश स्तरीय संघहरुको समेत महत्वपूर्ण भूमिका रहने भएका कारण सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन कार्यमा लागेका सरोकारवालाहरुको लागत साझेदारीमा सहकारी सम्बन्धि तालिम तथा गोष्ठी सञ्चालन गर्नु आवश्यक छ ।

**(२) उद्देश्य**

(क) सहकारी संघ सस्थाका पदाधिकारीहरु र कर्मचारीको क्षमता अभिबृद्धि गर्नु ।

(ख) सहकारी अवधारणा मूल्य मान्यता सिद्धान्त र देश विकासमा सहकारीको महत्वका बारेमा सचेतना जगाउनु।

(३) **लक्षित समुहः** सहकारी संघ सस्थाहरु ।

(४) **प्रमुख क्रियाकलापहरुः** सहकारी सम्बन्धि तालिम तथा गोष्ठी सञ्चालन गर्नु

(५) **अपेक्षित उपलब्धिहरुः** सहकारी संघ तथा संस्थाका पदाधिकारीहरु र कर्मचारीहरुको सहकारी ब्यवस्थापन तथा लेखापालन सम्बन्धि क्षमता विकास भएको हुने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** तालिम तथा गोष्ठी सञ्चालनका लागि लागत इष्टिमेटको २५ प्रतिशत साझेदार संस्थाले ब्यहोर्ने र बाँकी रकम सम्बन्धित कार्यालयले ब्यहोर्ने ।

(७) **न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः** जिल्लास्तरीय र प्रदेश स्तरीय सहकारी संघलाई साझेदार सस्थाको रुपमा कार्यक्रममा समाबेश गरिनेछ ।

## १०. लागत साझेदारीमा बीउ प्रशोधन तथा भण्डारण सहयोग कार्यक्रम

(१) **परिचयः** कृषि वालीको बीउमा आत्मनिर्भर हुदै उत्पादन तथा उत्पादकत्व बढाउने उदेश्यका साथ स्थानीय तह, समुह, सहकारी, कम्पनीको लागत साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि लागत साझेदारीमा वीउ प्रशोधन तथा भण्डारण सहयोग मार्फत स्थानीय कृषकको बीउ संचय, वीउको उपलब्धतामा सहज ल्याउन, बीउ प्रतिस्थापन दरको लक्ष्य हासिल गर्न र वीउको वजारीकरणमा टेवा पुऱ्याउने उदेश्यले यो कार्यक्रम सञ्चालन हुनेछ।

(२) **प्राविधिक पक्षः**

(क) बीउ भण्डारण गृहको क्षमता कम्तिमा ३० मेट्रिक टन हुनुपर्नेछ र भण्डार गृह निर्माणका लागि तराईमा कम्तीमा ३ कठ्ठा र पहाडमा १ रोपनी जमिनको क्षेत्रफल हुनुपर्नेछ तर मेसीनरी औजारको हकमा सो अनुसारको जमिनको क्षेत्रफल आवश्यक हुनेछैन ।

(ख) यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन् ।

१) खाद्य गोदाम घर निर्माण सहयोग

२) थ्रेसिङ फ्लोर निर्माण

३) बीउ प्रशोधनका लागि आवश्यक अन्य पुर्वाधार

४) बीउ प्रशोधनका लागि आवश्यक मेसीनरी औजारमा सहयोग

(ग) समुह/सहकारी/कम्पनीको हकमा बीउ उत्पादन सम्बन्धि तालिम लिएको हुनु पर्नेछ ।

(३) **आर्थिक पक्षः** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ अनुसार अनुदानग्राही छनौट र अनुदान रकम प्रदान गरिनेछ ।

(४) **मुल्याङ्कनका आधारहरुः** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली २०७९ बमोजिम उपसमितिले निर्धारण गरेबमोजिम हुनेछ ।

## ११. फलफूल र तरकारीको रोड कोरिडोर कार्यक्रम

(१) **परिचयः** व्यवसायिक फलफूल र तरकारी खेतिको प्रवर्धनका रोड कोरिडरमा व्यवसायिक कृषि उत्पादन मार्फत फलफूल तथा तरकारीको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न कार्यक्रम सञ्चालन गरिनेछ। फलफूलको बृहत उत्पादन क्षेत्र कार्यक्रमले फलफूल दशकलाई पनि सहयोग पुग्नेछ ।

(२) **प्राविधिक पक्षः**

(क) रोड कोरिडोरमा तरकारी तथा फलफूल उत्पादन गर्न ईच्छुक फर्म, समुह र सहकारीहरु सहभागी हुन पाउनेछन ।

(ख) रोडबाट करिव २ किमि आसपास (दाँया बाँया) क्षेत्रको दुरीसम्म यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ग) यस कार्यक्रम अन्तर्गत देहाय अनुसारको क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन ।

१) फलफूल खेतिका लागि एउटै कलष्टरमा कम्तीमा ३ रोपनीमा फलफूल बगैचा स्थापना गर्नु पर्ने ।
२) तरकारी खेतिको हकमा कम्तीमा ३ रोपनी क्षेत्रफलमा वा १० वटा पोलिहाउस निर्माण गर्नु पर्नेछ ।
३) रोड कोरिडोर क्षेत्रमा तरकारी संकलन केन्द्र स्थापना गर्न सकिनेछ।
४) फलफूल तथा तरकारी खेतीका लागि साना कृषि औजार/उपकरण, सिचाई पुर्वाधार र रोग/कीरा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
५) फलफुल उत्पादनको हकमा बढीमा २ वर्ष अवधि सम्मका लागि विरुवा स्याहार अनुदान पनि प्रदान गर्न सकिनेछ ।
६) देहाय बमोजिमका वालीहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

| फलफूल उत्पादनका लागि लगाउन सकिने वालीहरु | तरकारी उत्पादनका लागिलगाउन सकिने वालीहरु |
|---|---|
| सुन्तलाजात फलफूल, अनार, स्याउ, नासपाति, ड्रागन फल, किवि, ओखर, केरा, मेवा, | आलु, फल समुह (टमाटर), काउली समुह, लहरे वाली, कोसेवाली (सिमी) |

(३) **आर्थिक पक्षः** अनुदानग्राही छनौट प्रक्रिया र अनुदानको सिमा सुदूरपश्चिम कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ बमोजिम हुनेछ ।

(४) **मुल्याङ्कनका आधारहरुः** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०७९ बमोजिमको उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## १२. घरवारी वगैचा/पोषण बगैचा स्थापना कार्यक्रम

(१) **परिचयः** खाद्य तथा पोषण सुरक्षाका लागि घर बगैचा करेसाबारी एक भरपर्दो पद्धति देखिएको छ । घर बगैचामा तरकारी, फलफूल, कन्दमूल, जडिबुटी, पशुपन्छी, मौरी, माछा, च्याउ, डालेयाँस जस्ता वस्तुहरू एकीकृत व्यवस्थापन गरिएको हुँदा विविध खाद्य पदार्थको उत्पादन भई पौष्टिक पदार्थको उपलब्धतामा टेवा पुर्याउँद करेसाबारीमा तरकारी खेतिको बाहुल्यता हुन्छ ।

(२) **प्राविधिक पक्षः**

(क) घरवारी वगैचा/पोषण बगैचा स्थापना कार्यक्रम जिल्लामा दुर्गम वस्तीहरु, खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम वा संवेदनशिल वर्ग, बाढी, पहिरो भुकम्प जस्ता प्राकृतिक विपद् प्रभावित क्षेत्र, दलित, पिछिडिएका, विस्थापित समुदाय, द्वन्द पिडीत, एकल महिला र गर्भवति महिला भएको घर परिवारमा सञ्चालन गर्न सकिनेछ।

(ख) कार्यालयले स्थानीय तहसँग समन्वय गरी समुदाय छनौट गर्नेछ । छनौट गरिएको समुदायमा कार्यालयले अनुदानग्राहीको बैठकबाट आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) **सञ्चालन गरिने क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(क) **मिनिकिट वितरणः** यस कार्यक्रम अन्तर्गत लक्षित समुदायलाई बढीमा ५ वालीको तरकारी बीउको प्याकेट, फलफूलको हकमा कम्तीमा ४ वटा विरुवा, ५ वटा कुखुराका चल्ला, २ वटा मौरी घार, च्याउको बीउ, पोलिथिन पाईप लगायतका समग्रीहरु बजेटको परिधिभित्र रही आवश्यकता अनुसार दिन सकिनेछ ।

(ख) **नमुना प्रदर्शन फार्म स्थापनाः** लक्षित समुदायको अगुवा कृषकको वारीमा नमुना प्रदर्शन फार्म स्थापना गर्न सकिनेछ । नमुना फार्मको लागि तराईमा १ कठ्ठा, पहाडमा आधा रोपनी जमिनका लागि तरकारी बीउ, कम्तीमा ६ वटा फलफूलका बोट, १ वटा प्लाष्टिक टनेल, १५ वटा कुखुरा चल्ला, २ वटा बंगुरका पाठा,

थोपा सिचाई, पाईप लगायतका समाग्रीहरु, स्थलगत तालिम, अन्य व्यवस्थापन, ढुवानी लगायतका कार्यक्रम बजेटको परिधि भित्र रही आवश्यकता अनुसार दिन सकिनेछ ।

**(४) आर्थिक पक्षः** घरवारी वगैचा/पोषण बगैचा कार्यक्रम लक्षित समुदायमा निशुल्क सञ्चालन गरिनेछ तर बिपद् प्रभावित क्षेत्रका कृषकहरुका लागि एक पटक मात्र कृषि विकास कार्यक्रमहरु निशुल्क सञ्चालन गर्न सकिनेछ।

## १३. मूल्य श्रृङखला अभिवृद्धिका लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रम

**(क) परिचय**

मूल्य श्रंखला भन्नाले कुनै पनि वस्तु विशेष वा सेवाहरुको विकास अवधारणा निर्माण देखि कच्चा पदार्थको आपूर्ति एवं उत्पादनको तह हुँदै संकलन, प्रशोधन, बजारीकरण भई वस्तु/सेवालाई उपभोक्ता समक्ष पुऱ्याउने क्रियाकलापहरुको सिलसिला एवं सँगालो हो ।मुल्य श्रंखला प्रक्रियामा वस्तु र सेवाको परिकल्पना देखि उत्पादन हुँदै अन्तिम उपभोक्तासम्मका क्रियाकलापहरुमा प्रत्यक्ष एवम् भौतिक रुपमा मूल्य श्रंखलाकर्ताहरु जस्तै एग्रोभेट, कृषक, संकलनकर्ता, प्रशोधनकर्ता, व्यापारी, आदि संलग्न हुन्छन् । कार्यक्रम सञ्चालनबाट तोकिएका बालीहरुको संकलन, ढुवानी, प्रशोधन र बजारीकरणमा सहयोग उपलब्ध गराईनेछ ।

**(ख) उद्देश्य**

(क) बाली वस्तुहरुको गुणस्तर अभिवृद्धि र क्षति न्यूनीकरणका लागि ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन तथा बजारीकरणमा सहयोग गरी मूल्य अभिवृद्धि गर्ने ।

(ख) मौषमी बाली वस्तुहरुको उचित मूल्य नपाई न्यून मूल्यमा बिक्री गर्नु पर्ने बाध्यतालाई हटाई सु-व्यवस्थित बजारीकरण गर्ने ।

**(ग) प्राविधिक पक्ष**

(क) यो कार्यक्रममा मूल्य श्रृखलामा आधारित क्रियाकलाहरु सञ्चालन गर्न इच्छुक कृषिसँग सम्बन्धित फर्म, कम्पनी, समुह, सहकारी संस्था, बाली वस्तु व्यवसायिक संघ वा प्रशोधनकर्ता तथा कृषि व्यवसायीहरुबाट एकल वा साझेदारीमा वा सहकार्यमा कार्यक्रम सञ्चालन हुनेछ।

(ख) कार्यक्रम लागू हुने कृषि बाली वस्तुः स्याउ, सुन्तलाजात फलफूल, आलु, तरकारी, तोरी, बेसार, अदुवा, मासु, दुग्धजन्य पदार्थ ।

(ग) प्रशोधन र बजारीकरण कार्यक्रममा सहभागी हुन इच्छुकसँग कृषि बालीवस्तुहरुको मूल्य श्रृंखला सम्बन्धि कार्य गरी राखेको वा गर्ने कार्ययोजना अनिवार्य हुनु पर्नेछ ।

(घ) प्रस्तावक व्यवसायिक रुपमा फलफूल तथा तरकारी, मह, च्याउ लगायत पशुपंछीजन्य उत्पादित कृषि उपजको उत्पादन, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग तथा बजारीकरणमा संलग्न भएको हुनु पर्नेछ ।

(ङ) कार्यक्रम सञ्चालनबाट तोकिएका बालीहरुको कृषि उपजहरु धुने, पखाल्ने, छाँट्ने, ग्रेडिङ गर्ने, प्याक गर्ने, लेबल लगाउने, आदि उपकरणहरु र प्रशोधन भवन निर्माण/सुधारका लागि सहयोग गरिनेछ ।

(च) आवेदकको योग्यता र प्रस्तावमा उल्लेख गर्नु पर्ने बुँदाहरु

१) प्रचलित कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमित रुपमा लेखा परिक्षण गराएको र नियमानूसार कर चुक्ता गरेको हुनु पर्ने,

२) कम्तिमा २ कठ्ठा जग्गाको व्यवस्था हुनु पर्ने र निर्मित भवनमा प्रशोधनको लागि उद्योग व्यवस्था गर्न सकिने अवस्था रहेको जस्तै : विजुली, पानी, बाटो, आदिको व्यवस्था ।

**(घ) आर्थिक पक्ष :** कार्यक्रम अन्तर्गत देहाय बमोजिमका उपकरणहरुको लागि अनुदान दिइनेछ।

(क) कृषि उपज धुने/पखाल्ने उपकरणहरु

(ख) छाँट्ने उपकरणहरु
(ग) ग्रेडिङ्ग गर्ने मेशिन तथा उपकरणहरु
(घ) प्याक गर्ने सामग्री तथा उपकरणहरु
(ङ) लेबल लगाउने सामग्री तथा उपकरणहरु
(च) बार कोड टाँस्ने सामग्री तथा उपकरणहरु
(छ) कृषि उपजको उत्पादन, ग्रेडिङ्ग, प्याकेजिङ तथा बजारीकरणमा आवश्यक अन्य औजार उपकरण तथा बजारीकरणमा आवश्यक अन्य औजार उपकरण तथा सामग्रीहरु
(ज) दुध, मासु, छाला, उन प्रशोधन तथा बजारीकरण उपकरणहरु
(झ) माथि उल्लेखित उपकरणहरुमा बढीमा ५० प्रतिशत अनुदान दिइनेछ ।
(ञ) प्रशोधन तथा बजारीकरण कार्यका लागि भवन आवश्यक भएमा वा प्रशोधन तथा बजारीकरण कार्यका भवन रहेको तथा संरचनागत सुधार गर्नु परेमा कुल लागत अनुमानको ५० प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

**(ङ) प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) उद्यमी/कृषक/सहकारी संस्थाको दर्ता प्रमाणपत्रको छाँयाप्रति (नियमानूसार नवीकरण समेत भएको हुनु पर्ने) र स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।
(ख) उद्यमी/कृषक/सहकारी संस्थाको गत आर्थिक वर्ष सम्मको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि वा नियमानूसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपि ।
(ग) प्रस्तावकको नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
(घ) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि ।
(ङ) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १५ बर्षको लागि करार सम्झौताको प्रतिलिपि ।
(च) सम्बन्धित स्थानीय तहको सो स्थानमा भौतिक पूर्वाधारहरु (सडक, पानी, विजुली, आदि) उपलब्धता र स्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र ।
(छ) भौतिक पूर्वाधार निर्माण डिजाईन, लागत ईष्टिमेट, औजार उपकरणहरुको स्पेशिफिकेशन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम, प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत ।

**(च) प्रस्तावको ढाँचा**

## खण्ड क

## प्रस्तावको सारांश विवरण

१. व्यवसायिक कृषक/कृषक समुह/सहकारी/निजी उद्यमीको नाम :
२. ठेगाना :
३. समुह/संस्था दर्ता मिति :
४. दर्ता भएको कार्यालय :
५. सदस्य संख्या : महिला पुरुष
६. लाभान्वित कृषक संख्या : प्रत्यक्ष अप्रत्यक्ष
७. कारोबार शुरु मिति :
८. कारोबारको विवरण (पछिल्लो २ वर्षको) :
९. उत्पादित कृषि उपज विक्री गरिरहेको स्थान:
१०. प्रस्तावकसँग हाल चल/अचल पूँजीको विवरण (घर, जग्गा, मेशिन, औजार, उपकरण, भवन, आदि)

- संस्थाको भवनको अवस्था :

- संस्थाको स्वामित्वमा जग्गा :
- सडक सुविधा :
  सडक छैन भने सडकको संभावना विवरण
- ३ फेज क्षमता भएको विद्युत व्यवस्था र प्रशोधन स्थलबाट दुरी:
  छैन भने आवश्यक संभावना विवरण
- मेशिनरी उपकरण विवरण :
- जनशक्ति विवरण :

११.प्रस्तावित परियोजना स्थलको जग्गा सम्बन्धी विवरण :
लालपूर्जाको प्रतिलिपि सहित परियोजना स्थलको जग्गा ठेगाना :
क्षेत्रफल : कित्ता नं. :

**खण्ड ख : प्राविधिक प्रस्ताव**

१. कार्यक्रमको सारांश
यस खण्डमा कार्यक्रमको संक्षिप्त पृष्ठभूमि/परिचयको साथै कार्यक्रमको उद्देश्य, प्रतिफल कार्यान्वयन तरिका, परियोजनाको दिगोपना र कार्यक्रमको अनुमानित लागतको साथै वित्तीय विश्लेषणको संक्षिप्त रुपमा उल्लेख गर्नु पर्दछ ।

२. कार्यक्रमको प्रस्तावित क्षेत्र
प्रस्ताव गरिएको भौगोलिक क्षेत्रको संक्षिप्त विवरण तथा पूर्वाधार सडक पानी विजुली बजार आदिको उपलब्धता

३. कार्यक्रमको उद्देश्य
प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात हाँसिल हुन सक्ने प्रतिफलको बारेमा उल्लेख गर्ने

४. कार्यक्रमको प्रतिफल/उपलब्धी
प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त हुने प्रतिफल/उपलब्धी र प्रतिफल/उपलब्धी हासिल भए/नभएको मापन गर्ने सूचक समेत उल्लेख गर्नु पर्ने । सूचक उल्लेख गर्दा समय परिमाण र गुणस्तर समेत झल्कने किसिमले गर्नु पर्ने छ ।

५. कार्यक्रमको कार्यान्वयन तरिका
- प्रस्तावित कार्यक्रममा समावेश गरिने क्रियाकलापहरुको विवरणको साथै प्रत्येक क्रियाकलापहरु कहिले कहाँ किन कसरी कार्यान्वयन गरिने हो सो को व्याख्या समेत गर्नु पर्ने छ ।
- आवश्यक सामग्रीहरुको उपलब्धता
- समयको पर्याप्तता
- रचनात्मक तत्वहरु
- नवीनतम प्रविधिको प्रयोग र त्यसको प्रभाव मापन
- कृषि उपजहरुको उपलब्धता र उपलब्ध हुने स्थान

६. प्रक्षेपित कारोबार विवरण (मे.टन.)

| विवरण/उपज | पहिलो वर्ष | दोस्रो पक्ष | तेस्रो पक्ष | चौथो पक्ष | पाँचौं वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |

७. कार्यक्रमको व्यवसायिक कार्य योजना
प्रस्तावित कार्यक्रममा समावेश गरिने क्रियाकलापहरु कुन कुन महिनामा कार्यान्वयन गरिने हो सो को कार्य तालिका सहित पेश गर्नु पर्ने छ ।
कच्चा पदार्थको आपूर्ति व्यवस्था र सो को व्यवस्थापन
मेशिनरी र भौतिक पूर्वाधारहरुको क्षमता

८. कार्यक्रमको बजारीकरण पक्ष

बजारको विकास र बजारीकरणको रणनीति
लक्षित ग्राहकहरु
लक्षित बजारका प्रतिस्पर्धीहरु
लक्षित बजारका विशेषताहरु
मुख्य उत्पादनका विशेषताहरु
बजारमा उपलब्ध अवसरहरु
बजार विकासमा चुनौतिहरु

९. कार्यक्रमको व्यवस्थापकीय पक्ष
प्रस्तावित ग्रेडिङ्ग प्याकेजिङ तथा लेबलिङ्ग क्रियाकलापमा जिम्मेवारी बाँडफाँड
मानवीय संशाधनको विकास/तालिम
व्यवस्थापकीय अनुभव र क्षमता

१०. वातावरणीय र सामाजिक पक्ष
कार्यक्रम सञ्चालनबाट वातावरणमा पर्न सक्ने नकारात्मक असर र सो को न्यूनीकरण
प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लाभान्वित हुने समुदायको संक्षिप्त विवरण

११. वित्तीय पक्ष
पूँजीगत लगानीको लागत अनुमान
स्थिर र परिवर्तीत खर्चको अनुमा
उत्पादन खर्चको अनुमा
वार्षिक उत्पादन खर्च आंकलन
उत्पादन बिक्री र आयको प्रक्षेपण
कार्यक्रमको उत्पादन योजना
आम्दानी प्रति वर्ष
चालु पुँजिको आवश्यकताको प्रक्षेपण
चालु खर्च प्रति वर्ष
प्रक्षेपित नाफा नोक्सान हिसाब वासलात र नगद प्रवाह विवरण
लाभ लागत अनुपान (गणना गरेको विवरण तपसिलमा प्रष्ट खुलाउने)

१२. दिगोपनाको संभावना
उपलब्धी र प्रतिफललाई दिगो राख्ने क्षमता
वातावरणीय रुपले दिगोपना
आर्थिक रुपले दिगोपना
सामाजिक रुपले दिगोपना
नाफा गर्न सक्ने क्षमता
दिर्घकालीन लक्ष्यको निर्धारण

१३. प्रस्तावकको प्राविधिक दक्षता/तालिम

१४. सुधार/स्थापना वा निर्माण पछि प्रदान गरिने सेवा सम्बन्धि विवरण

१५. कार्यक्रमको निष्कर्श

**खण्ड ग - आर्थिक प्रस्तावना**

| क्र.सं. | क्रियाकलापहरु | कुल लागत | अनुदान माग गरेको रकम | अनुदानग्राहीको योगदान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## १४. कृषि क्षेत्रमा उत्कृष्ट काम गर्ने स्थानीय तहलाई सम्मान कार्यक्रम

**(१) परिचयः**

जनजीविकाको प्रमुख स्रोत तथा देशको अर्थतन्त्र तथा ग्रामिण रोजगारीमा महत्वपूर्ण योगदान प्रदान गर्दै आएको र साना तथा सीमान्तकृत कृषकहरूको बाहुल्यता रहेको कृषि व्यवसायलाई आधुनिकिकरण तथा व्यवसायिकरण गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता तथा गरिवी न्यूनीकरण गर्न कृषिजन्य पदार्थहरूको उत्पादन स्वस्थकर र सुरक्षित वितरण तथा आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन प्रदत्त कृषि बिकासका कार्यक्रमहरू आजको प्राथमिकता भएको कुरामा कुनै दुइमत छैन् । सुदूरपश्चिम प्रदेश भौगोलिकरूपले विशिष्ट तथा प्राकृतिक स्रोत साधन सम्पन्न मुलुक हो जसले कृषि विकासका लागि अथाह संभावना बोकेको छ । स्थानीय भूगोल, हावापानी, माटो, स्थानीय बालीनाली, जीवजन्तुले नै हाम्रो उत्पादन, खानपान, जीविकोपार्जन, रीतिरिवाज र संस्कृतिलाई स्वरूप दिएको छ ।

कृषि क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गरी देश भित्रै स्वरोजगार श्रृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ ।

नागरिकलाई संविधान प्रदत्त कृषि सम्बन्धी हक कार्यन्वयनका सिलसिलामा राज्यका विभिन्न निकायबाट विविध सेवा प्रदान भइरहेका छन् । जसका फलस्वरूप नागरिकको जनजीवीकाको सवालमा परिवर्तन आइरहेको छ । यस्ता परिवर्तनमा प्रत्यक्षरूपमा संलग्न भइ कृषिको क्षेत्रमा उल्लेखनीय कार्य, योगदान एवं सिर्जनशीलता एवंम रचनात्मक विकास तथा प्रोत्साहान गर्न कृषि क्षेत्रमा उत्कृष्ट काम गर्ने स्थानीय तहहरूलाई सम्मान गर्नु आवश्यक देखिएको यो कार्यक्रमको तर्जुमा गरिएको छ ।

**(२) कार्यक्रमको आवश्यकता र औचित्य**

(क) मूल्यांकन गर्ने कार्यक्रम निरन्तर चलिरहने प्रकृया हो ।

(ख) आज गरिएका, उपयुक्त लागेका विधिहरु भन्दा समयक्रमसंगै नयाँ नयाँ विधि र प्रणालीहरुको विकास हुदै जाने भएकाले समयक्रमसंगै कृषिलाई परिस्कृत गर्दे लैजान आवश्यक छ ।

(ग) प्रदेशलाई कृषि क्षेत्रमा आत्म निर्भर बनाउने कृयाकलापहरूमा स्थानीय तहबाट कुशल ढंगवाट सम्पादनमा सहयोग गर्नका लागि नियमित रूपमा मूल्याङ्कन गरी उत्कृष्ट काम गर्ने स्थानीय तहलाई सम्मान गर्नु आवश्यक छ ।

**(३) उद्देश्य**

(क) कृषिमा कार्यरत प्राविधिकहरुको कार्यक्षमता अभिवृद्धि गर्नुको साथै उत्प्रेणा प्रदान गरी गुणात्मक कृषि सेवा समुदाय स्तरसम्म पुर्याउने ।

(ख) प्रतिफल उन्मूख कार्य संस्कृतीलाई केन्द्रविन्दु मानी कार्य क्षमतामा आधारित मूल्याङ्कन प्रणालीलाई स्थापित गर्ने ।

**(४) लक्ष्यः** आ.व. २०८०/८१ मा १० वटा स्थानीय तहहरू सम्मान गर्ने यो कार्यक्रमको लक्ष्य रहेको छ ।

**(५) आर्थिक पक्षः** विनियोजन गरिएको रकम देहायको शीर्षकमा खर्च गर्न सकिनेछ ।

- मसलन्द
- अनुगमन तथा मूल्याङ्कन
- जिन्सी पुरस्कार
- खाजा तथा हलभाडा
- सम्मान पत्र
- पुरस्कृत हुने स्थानीय तहको पदाधिकारीको दैनिक भ्रमण खर्च

**(६) कार्यक्रम सञ्चालन प्रकृयाः यस कार्यक्रमको कार्यन्वयन गर्न देहाय अनुसारको समिति रहने छ ।**

(क) कार्यन्वयन समिति

(ख) मूल्याकंन समिति

**(७) कार्यन्वयन समिति**

कृषि क्षेत्रमा उत्कृष्ट काम गर्ने स्थानीय तहहरूलाई सम्मान गर्ने कार्यक्रम कार्यान्वयन गर्न देहायका पदाधिकारीहरू रहेको एउटा समिति रहने छ ।

| | |
|---|---|
| १. प्रदेश सचिव, मन्त्रालय | संयोजक |
| २. निर्देशक,कृषि विकास निर्देशनालय | सदस्य |
| ३. निर्देशक,पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| ४ प्रमुख, पशुपंछी महाशाखा,मन्त्रालय | सदस्य |
| ५. योजना महाशाखा प्रमुख भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

**(८) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार**

(क) मूल्याङ्कन समितिको प्रतिवेदनका आधारमा सम्मानका लागि उत्कृष्ट स्थानीय तहको घोषणा गर्नेछ ।

(ख) मन्त्रालयलाई स्थानीय तहलाई सम्मानका लागि सफारिस गर्नेछ ।

(ग) मूल्याङ्कन समितिको कामकाजको अनुगमन गर्नेछ । साथै मूल्याङ्कन समितिलाई अप्ठेरो परेका विषयको समाधानका लागि सहजिकरण गर्नेछ ।

**(९) मूल्याङ्कन समिति**

कृषि क्षेत्रमा उत्कृष्ट काम गर्ने स्थानीय तहहरूलाई सम्मान गर्ने कार्यक्रम मूल्याङ्कन गर्न देहायका पदाधिकारीहरू रहेको एउटा समिति रहने छः-

| | |
|---|---|
| १. प्रमुख,योजना महाशाखा, मन्त्रालय | संयोजक |
| २. योजना अधिकृत,प्रदेश नीति आयोग | सदस्य |
| ३. अधिकृत प्रतिनिधि,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४ अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| ५. प्रमुख, अनुगमन शाखा, मन्त्रालय | सदस्य-सचिव |

**(१०) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार यस क्षेत्रमा अनुभव र योग्यताका विज्ञ प्राविधिक सहयोग लिन सक्नेछ ।

(ख) मूल्यांकन समितिले स्थानीय तह, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रसग समन्वय र सम्पर्कमा रही प्रदेश भित्रका स्थानीय तहको मूल्याङ्कन गर्नेछ ।

(ग) मूल्यांकन समितिले यसमा उल्लेख नभएका विषयवस्तुको कार्यविधि स्वयं बनाउन सक्नेछ ।

(घ) मूल्याङ्कन समितिले अनुसूची फाराममा उल्लेख गरेको भन्दा थप सूचना माग गरी मूल्यांकन गर्न सक्नेछ ।

(ङ) मूल्यांकन समितिले अंकभारको गणना गरी मूल्याङ्कन प्रतिवेदन सहित कार्यान्वयन समितिमा पेश गर्नु पर्नेछ ।

(च) मूल्याङ्कन समितिले सूचना संकलनका लागि सम्बन्धित निकायको अनुगमन तथा पृष्ठपोषण गर्न सक्नेछ ।

**(११) कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रको जिम्मेवारी**

(क) जिल्लास्थीत सम्पूर्ण स्थानीय तहको अनुसूची-१ अनुसारको सूचनाहरू संकलन गर्नु पर्नेछ । संकलित सूचनाहरू भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा समय मै पेश गर्नु पर्नेछ ।

(ख) सूचना संकलनकर्ताले मूल्यांकन सम्वन्धी कृयाकलापको समीक्षा गर्ने । यसमा लक्ष्य तोकिएको हुन सक्दछ यदि लक्ष्य नतोकिएको अवस्थामा कार्यालयले उक्त कार्यको लक्ष्य तोकि उक्त लक्ष अनुरुप कार्य गरेपछि कति अंक पाउछ निश्चित गर्नु पर्छ ।

(ग) स्थानीय तहमा सम्पन्न कार्यको अनुभवको साटासाट गरी सम्पादीत कार्य भए नभएको एकिन गर्नु पर्दछ । यस तरिकाबाट मुल्याङ्कन गर्दा गुणात्मक सुचकहरुको विश्लेशण गर्नु पर्दछ । ती सुचक जसलाई प्रत्यक्ष रुपले मापन गर्न सकिदैन । तर कृषि सेवाको प्रवाह, गुणस्तर र सेवाग्राहीको सन्तुष्टिमा प्रत्यक्ष असर पारेको हुन्छ । कृषि सेवा प्रवाहबाट सेवाग्राहीले प्राप्त गरेको सन्तुष्टिलाई मापन गर्दा आमाहरु, वृद्धवृद्धा, पिछडिएका वर्ग जातजाती र अन्य सेवाग्राहीले प्राप्त गरेको सेवाको गुणस्तर सुचना, भेदभाव विनाको सेवा, सम्मानजनक व्यवहार, सेवामा प्राथमिकता, परामर्श सेवा, पारदर्शिता, सरसफाई, प्रेषण प्रणाली आदिलाई विचार गर्नु पर्ने हुन्छ ।

(घ) उपलव्ध कागजातहरुको समीक्षा गर्ने

- मासिक प्रतिवेदन
- सुपरिवेक्षण योजना तथा प्रतिवेदन
- स्थानीय तहले तयार गरेको वार्षिक योजना आदि

**(१२) स्थानीय तहको दायित्व**

(क) कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रबाट खटिइ आउने कर्मचारीहरूलाई अनुसूची-१ अनुसारका सूचना संकलनमा सहयोग गर्नु पर्नेछ ।

(ख) अनुगमनमा आउने पदाधिकारीलाई कार्यक्रम संग सम्बन्धित माग गरेको विवरण उपलव्ध गराई सहयोग गर्नु पर्नेछ ।

**(१३) सूचक तथा अंकभार**

| सि.नं. | सूचकहरू | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | भौगोलिक अवस्था<br>हिमाल (३)<br>पहाड (२)<br>तराइ (१) | ३ | |
| २ | जम्मा क्षेत्रफल मध्ये कृषि क्षेत्रको प्रतिशत | १० | १ प्रतिशत= ०.१ अंक |
| ३ | कृषि उत्पादकत्व प्रतिशत | १० | |
| ४ | पशुपन्छी उत्पादकत्व प्रतिशत | १० | |
| ५ | कूल बजेटको कृषि क्षेत्रमा विनियोजन प्रतिशत | २० | १ प्रतिशत=२ अंक |
| ६ | कूल बजेटको पशुपन्छी क्षेत्रमा विनियोजन प्रतिशत | १० | १ प्रतिशत=२ अंक |
| ७ | जम्मा दरवन्दी मध्ये कृषि प्राविधिकको प्रतिशत | ५ | |

| | | | |
|---|---|---|---|
| ८ | जम्मा दरवन्दी मध्ये लाइभस्टक प्राविधिकको प्रतिशत | ५ | |
| ९ | भू-बर्गिकरण गरेको छ/छैन् | ५ | भए ५, आंशिक २.५ नभए ० |
| १० | कृषि ज्ञान केन्द्र संगको समन्वय | २.५ | कृषि ज्ञान केन्द्रले अंक दिने |
| ११ | विज्ञ केन्द्र संगको समन्वय | २.५ | विज्ञ केन्द्रले अंक दिने |
| १२ | प्रदेश मन्त्रालयसंगको समन्वय | ५ | मन्त्रालयले अंक दिने |
| १३ | कृषि बुलेटिन वा प्रशार सामाग्री उत्पादन गरेको | ५ | भए ५, आंशिक २.५ नभए ० |
| १४ | कर्मचारीको क्षमता विकासको कार्यक्रम भए | २ | |
| १५ | कृषि पाठशाला सञ्चालन गरेको भए | ५ | भए ५, आंशिक २.५ नभए ० |
| | जम्मा | १०० | |

(१४) अनुसूची-१

| स्थानीय तहको नामः | | | जिल्लाः | |
|---|---|---|---|---|
| सि.नं. | सूचकहरू | | | विवरण |
| १ | भौगोलिक अवस्था | | | हिमाल<br>पहाड<br>तराइ |
| २ | जम्मा क्षेत्रफलः | | कृषि क्षेत्रको क्षेत्रफल | |
| ३ | कृषि उत्पादकत्व | | | |
| ४ | पशुपन्छी उत्पादकत्व | | | |
| ५ | कूल बजेट | | कृषि क्षेत्रमा विनियोजन बजेट | |
| ६ | | | पशुपन्छी क्षेत्रमा विनियोजन बजेट | |
| ७ | जम्मा दरवन्दी | | कृषि प्राविधिक संख्या | |
| ८ | | | लाइभस्टक प्राविधिक | |
| ९ | भू-बर्गिकरण गरेको | | | छ<br>छैन् |
| १० | कृषि ज्ञान केन्द्र संगको समन्वय | | | छ<br>छैन् |
| ११ | भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र संगको समन्वय | | | छ<br>छैन् |
| १२ | प्रदेश मन्त्रालयसंगको समन्वय | | | छ<br>छैन् |
| १३ | कृषि बुलेटिन वा प्रशार सामाग्री उत्पादन गरेको | | | छ<br>छैन् |
| १४ | कृषि कर्मचारीको क्षमता विकासको कार्यक्रम | | | छ<br>छैन् |
| १५ | कृषि पाठशाला सञ्चालन गरेको | | | छ<br>छैन् |

उपरोक्त विवरण ठीक हो ।

| | |
|---|---|
| कृषि शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| नाम, थरः | नाम, थरः |
| दस्तखत | दस्तखत |
| मिति | मिति |

प्रतिवेदक

| नाम, थर | पद | मिति | दस्तखत |
|---|---|---|---|

## १५. कृषि उपज बजारीकरणका लागि आकस्मिक ढुवानी सेवा कार्यक्रम

**(१) परिचय :**

कृषि उत्पादन स्थल छरिएर रहनुका साथै कृषि उत्पादन सिजनल हुने र छोटो अवधिसम्म मात्र भण्डारण गर्न सकिने हुन्छन् । बढी उत्पादन हुने सिजनमा कृषि उपजहरु स्थानीय बजारमा खपत हुन नसकी बजारीकरण हुन नसक्दा कृषकहरुले गरेको मिहेनत खेर जाने अवस्था रहेको छ। यस कार्यक्रमले सिजनमा चाँडो नास हुने कृषि तथा पशुजन्य उपजहरुको बजारीकरण गर्न बजारस्थलसम्म आकस्मीक ढुवानी गर्न सहयोग पुर्याउने उद्देश्य लिएको छ ।

**(२) प्राविधिक पक्षः** यस कार्यक्रम अन्तर्गत देहाय अनुसारको बाली/वस्तुको आकस्मिक ढुवानी गरिनेछ ।

(क) चाडो नासवान हुने वस्तुहरु तरकारी, आलु, फलफूल (स्याउ, सुन्तला, मौसमी),

(ख) बढी उत्पादन भई स्थानीय बजारमा विक्रि गर्न कठिन भएको सिजन भनि स्थानीय तह र केन्द्र मार्फत मन्त्रालयलाई सिफारिस गर्नुपर्ने,

(ग) लोड पुग्न कम्तीमा ढुवानी गरिने परिमाण तरकारी, आलु र फलफूलको हकमा **२ टन** उत्पादन हुनु पर्ने,

(घ) ढुवानी सेवामा अनुदान धनगढी महेन्द्रनगर सम्मको बजारका लागी मात्र दिने,

(ङ) प्रदेशका उच्च पहाड, पहाडी जिल्लाहरुको उत्पादनलाई कार्यक्रम सञ्चालन गरिने,

(च) पहाडी जिल्लामा दुर्गम पालिकाहरुको उत्पादन लाई पहिलो प्राथमिकता दिने,

(छ) जिल्लाको दुरदराज, दुर्गम क्षेत्रको उत्पादन लाई प्राथमिकता दिईने,

(ज) आकस्मिक ढुवानीमा लागत साझेदारी गर्ने स्थानीय तहको उत्पादनलाई प्राथमिकता दिन सकिनेछ।

**(३) कार्यक्रम सञ्चालन प्रकृयाः**

(क) यस कार्यक्रममा कृषि उपज बजारीकरण गर्न ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारी सहभागी हुन पाउने छन् ।

(ख) ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीले आफूले ढुवानी गर्ने वस्तुको परिमाण, धनगढी वा महेन्द्रनगर बजारका व्यापारीसँगको खरिद सम्झौता, आदि विवरण सहित जिल्लास्थित कार्यालय र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(ग) जिल्ला स्थित कार्यालयले उत्पादन क्षेत्र पहिचान गरी अनुमानित उत्पादन र ढुवानी गरी बजारमा पठाउनु पर्ने उपजको परिमाण यकिन गरी मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(घ) मन्त्रालयले ढुवानी गर्ने ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीसँग सम्झौता गर्नेछ ।

(ङ) जिल्ला स्थित कार्यालयको ढुवानी गरिएको वस्तुको परिमाण, बिल भरपाई, ढुवानी साधनको ब्लु बुक, लाइसेन्स आदि कागजातका आधारमा सम्झौता बमोजिम मन्त्रालयले महेन्द्रनगर वा धनगढी बजारसम्म ढुवानी गरेवाफत भुक्तानी दिनेछ ।

**(४) आर्थिक पक्ष** : प्रचलित जिल्ला दररेट अनुसार १०० प्रतिशत ढुवानी अनुदान रकम उपलब्ध गराइनेछ ।

## १६. सामुदायिक पशु प्रजनन केन्द्र स्थापना (राँगो, बोका, साँढे खरिद तथा पालन र व्यवस्थापन) कार्यक्रम

**(१) परिचयः**

पशुपन्छीहरुको नश्ल सुधार गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्न पशु प्रजनन नीति अनुसार सरकारी र निजीक्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना गरि एकै स्थानबाट सर्वसुलभ रुपमा प्रजनन सेवा उपलब्ध गराउने हेतुले यो कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

**(२) उद्देश्यः**

(क) स्थानीय जातका गाई, भैसी, वाख्राहरुको नश्ल सुधार गरि उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।

(ख) कार्यक्रमबाट असल माउका सन्तानहरु संरक्षण गर्नमा सहयोग पुग्नेछ,

**(३) प्राविधिक पक्षः**

(क) प्रजनन केन्द्रमा आवश्यकता अनुसार उन्नत नश्लका राँगो/साँढे/बोका रहनेछन् ।

(ख) इच्छुक फर्म वा संस्थालाई कार्यक्रममा सहभागी हुन केन्द्रले सूचना प्रकाशन गर्नेछ ।

(ग) प्रस्ताव पेश गर्दा सूचना आव्हान गर्ने केन्द्रले निर्धारण गरे बमोजिम ढाँचामा पेश गर्नुपर्नेछ,

(घ) अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक पशुपन्छी फर्म, समुह, कृषि सहकारी संस्थाले आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ङ) प्रजनन केन्द्रमा रहने भाले पशुहरुको रेखदेख तथा व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी प्रस्तावक इच्छुक पशुपन्छी फर्म, समुह, कृषि सहकारीको हुनेछ ।

**(४) आर्थिक पक्षः** स्वीकृत जिल्ला दररेट तथा सार्वजनिक खरिद ऐन नियमावली अनुसार देहायका शिर्षकहरु समावेश गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(क) उन्नत शुद्ध नश्लको प्रजनन योग्य भाले पशु खरिद

(ख) आहारा व्यवस्थापन

(ग) खोर निर्माण

(घ) अन्य आवश्यक मेशिनरी खरिद तथा व्यवस्थापन

(ङ) औषधि तथा खोप

**(५) मुल्याङ्कनका आधारहरुः**

| सि न | आधारहरु | अङ्क |
|---|---|---|
| १ | संस्थाको भौतिक क्षमता | ३० |
| २ | संस्थाको प्राविधिक क्षमता | १५ |
| ३ | वित्तिय क्षमता | १५ |
| ४ | वातावरणीय उपयुक्तता | १० |
| ५ | अन्य पक्ष (दर्ता नवीकरण सेवा पुर्याउन सक्ने समुदाय माँग आदि) | २० |
| ६ | स्थलगत टोलीको राय | १० |

(माथी उल्लेखित मुल्याङ्कनका आधारहरुको विस्तृतिकरण सम्बन्धित केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ ।)

## १७. सामुदायिक छाडा पशु व्यवस्थापन (तथ्याङ्क संकलन, पशु स्वास्थ्य, आहारा, भरण पोषण, ढुवानी, कृषकहलाई हस्तान्तरण) कार्यक्रम

**(१) परिचयः**

पशु कल्याण पशुको अधिकारको संरक्षण सम्बर्धन मानवीय कार्यहरुबाट पशुपन्छीहरुमा पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै जैविक विविधता कायम गर्न सामुदायिक छाडा तथा बेवारिसे पशुको तथ्याङ्क संकलन, पशु स्वास्थ्य, आहारा, भरण पोषण, ढुवानी, कृषकहरुलाई हस्तान्तरण सम्बन्धि कार्यहरुको व्यवस्थापन गर्न यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२) प्राविधिक पक्षः**

(क) सुदूरपश्चिम प्रदेशका स्थानिय तह, गौशाला व्यवस्थापन समिति, संघ संस्थाहरुले छाडा पशुहरुको व्यवस्थापन गरि रहेका गौशालाहरुमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत छाडा पशुहरुको तथ्याङ्क संकलन, पशु स्वास्थ्य, पशु आहारा तथा भरण पोषणको कार्य गरिने छ ।साथै कुनै जिल्लाको स्थानिय तह, कृषक, समूह, सहकारीहरुले छाडा पशुहरु लिई भरणपोषण गर्न चाहेमा छाडापशुहरुको ढुवानीको खर्च, गोठ सुधार खर्च यसै कार्यक्रमबाट व्यहोरिनेछ ।

(ग) कार्यक्रम सञ्चालनका लागि कार्यक्रम सञ्चालन गर्ने निकायले सूचना प्रकाशन गर्नेछ ।

(घ) छाडा पशुहरुको व्यवस्थापन गरिरहेका स्थानिय तह, गोशाला, कृषक समूह, सहकारी समिति, संघ संस्थाहरुले यस कार्यक्रम अन्तर्गत सहयोगका लागि सम्वन्धित निकायमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ङ) प्रस्ताव पेश गरेका र सामुदायिक पशु व्यवस्थापन गरी राखेका स्थानिय तह, गौशाला व्यवस्थापन समिति, संघ संस्थाहरु सबैमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) प्रस्ताव प्राप्त भैसकेपछि कार्यक्रम सञ्चालन गर्ने निकायले छाडा पशु चौपायहरुको व्यवस्थापन भईरहेका गौशालामा रहेका पशु/ चौपायाहरुको तथ्याङ्क संकलन गरिनेछ ।

**(३) आर्थिक पक्षः**

(क) प्राप्त भएका प्रस्तावकहरुले पालना गरी राखेका पशुको संख्याले बजेटलाई भाग गर्दा आउने रकमको हाराहारीमा बजेट खर्च हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालन गर्ने निकायले विनियोजित वजेटको अधिनमा रहि आहाराको लागि आवश्यक पर्ने दाना, पराल, साईलेज, युरिया मोलासेस व्लक, पानी खुवाउने ढुड, खोप आदी उपलव्ध गराउनेछ ।

(ख) छाडा पशुहरुको बढी समस्या रहेका कैलाली र कंचनपुर जिल्लावाट स्थानिय निकाय, संघ, संस्थाहरुले पहाडी जिल्लामा उत्पादनशिल पशु चौपायहरु पठाउन चाहेमा सो को लागि ढुवानी खर्च यसै कार्यक्रमवाट व्यहोर्न सकिनेछ ।

**(४) मुल्याङ्कन सम्बन्धि व्यवस्थाः** कार्यक्रम कार्यान्वयन र मुल्याङ्कन सम्बन्धि व्यवस्था सामुदायिक छाडा पशु कल्याण प्रबर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को परिच्छेद ३ को दफा ९, १०, ११, १२ र १३ मा उल्लेख भएका व्यवस्था अनुसार हुनेछ ।

## १८. <u>सरकारी संघ संस्था कम्पनीको खेती योग्य बाँझो जमिनमा खेती गर्न जग्गा भाडामा अनुदान कार्यक्रम</u>

**(१) परिचय**

नेपालको बढ्दो जनसंख्या अनुसार कृषि क्षेत्रको उत्पादन बृद्धि नभइराखेको बर्तमान अवस्थामा कृषिजन्य बाली वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर हुन खेतीयोग्य जमिनमा खेती गर्न प्रोत्साहन गरेर उत्पादन गर्नका लागि नेपाल सरकारले बोझो जमिनमा खेति गर्न प्रोत्साहन गर्ने नीति अनुरुप सुदूरपश्चिम प्रदेश सरकारले सरकारी संघसस्था (शैक्षिक सस्था, कम्पनी आदी) को स्वामित्वमा रहेको खेतीयोग्य बाँझो जमिन भाडामा लिएर खेती गर्न चाहने

व्यक्ति, समूह, सहकारीलाई प्रोत्साहन स्वरुप जमिनको भाडामा अनुदान दिने नीति लिएकोछ । साथै, प्रदेश सरकारले व्यक्तिको खेतीयोग्य जमिन भाडामा लिएर पनि खेती गरेर आम्दानी गर्नुका साथै खाद्य तथा पोषण सुधारमा सहयोग पुऱ्याउन विपन्न लक्षित कार्यक्रम समेत सञ्चालन गर्न विशेष प्राथमिकता दिएकोछ ।

**(२) उद्देश्य**

(क) बाँझो जमिनमा खेती गरेर कृषि बाली वस्तुको उत्पादन बृद्धि गर्नु ।

(ख) विपन्न वर्गका व्यक्ति तथा समुदायहरुलाई बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरेर उनीहरुको आम्दानी बृद्धि गर्नुका साथै खाद्य तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउनु ।

**(३) लक्षित समुहः** विपन्न वर्गका कृषकहरू (एकल महिला, भूमिहिन, मुक्त हलिया, मुक्त कमैया, कम्लरी, द्वन्द पिडित आदी) कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** खेतीयोग्य बाँझो जमिनमा खेती गर्न जमिनको भाडामा अनुदान दिने ।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) बाँझो जमिनमा खेती गरेर कृषि बाली वस्तुको उत्पादन बृद्धि हुने ।

(ख) विपन्न वर्गका व्यक्ति तथा समुदायहरुलाई बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरेर उनीहरुको आम्दानी बृद्धि गर्नुका साथै खाद्य तथा पोषण सुरक्षामा सहयोग पुगेको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः**

(क) विपन्न समुदायका व्यक्ति वा विपन्न वर्गका व्यक्तिहरुको समूहका लागिः

| अवधि | अनुदान रकम |
|---|---|
| पहिलो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको १०० प्रतिशत वा वार्षिक रु ६० हजार प्रति वर्ष प्रति विघा मध्ये जुन कम हुन्छ । |
| दोस्रो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको ७५ प्रतिशत वा वार्षिक रु ४५ हजार प्रति वर्ष प्रति विघा मध्य जुन कम हुन्छ । |
| तेस्रो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको ५० प्रतिशत वा वार्षिक रु ३० हजार प्रति वर्ष प्रति विघा मध्य जुन कम हुन्छ । |
| चौथो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको २५ प्रतिशत वा वार्षिक रु १५ हजार प्रति वर्ष प्रति विघा मध्य जुन कम हुन्छ । |

(ख) कृषि समूह, सहकारीका लागि

| अवधि | अनुदान रकम |
|---|---|
| पहिलो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको ८५ प्रतिशत वा वार्षिक रु ५० हजार प्रति वर्ष प्रति विघा मध्ये जुन कम हुन्छ । |
| दोस्रो वर्ष | जग्गाधनीसँग गरीएको सम्झौता रकमको ६० प्रतिशत वा वार्षिक रु ३६ हजार प्रति वर्ष प्रति विघा मध्ये जुन कम हुन्छ । |

| | |
|---|---|
| तेस्रो वर्ष | जग्गाधनीसँग गरीएको रकमको ३५ प्रतिशत वा वार्षिक रु २० हजार प्रति वर्ष प्रति विघा मध्ये जुन कम हुन्छ । |

(ग) कृषि फर्म कृषि उद्यमीका लागिः जग्गाधनीसँग गरीएको सम्झौता रकमको ५० प्रतिशत वा वार्षिक रु ३० हजार प्रति वर्ष प्रति विघा मध्ये जुन कम हुन्छ । कृषि फर्म तथा कृषि उद्यमीका लागि यस प्रकारको अनुदान २ वर्षसम्म मात्र दिइनेछ ।

**(७) अनुदानग्राहीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

(क) विपन्न समुदायका व्यक्ति वा विपन्न वर्गका व्यक्तिहरुको समूहका लागिः समूहका प्रति परिवार ५ कठ्ठा भन्दा कम जग्गा भएको जग्गाको प्रमाण पत्र र वडाको सिफारीस । भूमीहिनका हकमा वडाको सिफारीस भए पुग्ने ।

(ख) कृषि समूह, सहकारीका लागिः समूह, सहकारी दर्ता प्रमाण पत्र, सहकारीको हकमा अडिट प्रतिवेदन ।

(ग) कृषि फर्म तथा कृषि उध्यमीका लागिः फर्म दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्यान नम्बर, अडिट प्रतिवेदन ।

**(८) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) विपन्न समुदायका व्यक्ति वा विपन्न वर्गका व्यक्तिहरुको समूहको हकमाः समूहका प्रति परिवार ५ कठ्ठा भन्दा कम जग्गा भएको ।

(ख) भूमीहिनका हकमा वडाको सिफारीस ।

(ग) सरकारी संघसस्था (शैक्षिक सस्था, कम्पनी आदी) को जमिन भाडामा लिएको जमिनको जग्गा धनी पुर्जा र सम्झौता पत्रको प्रतिलिपि ।

(घ) विपन्न वर्ग लक्षित कार्यक्रम अन्तर्गत विपन्न वर्गले कुनै ब्यक्तिको जमिन भाडामा लिएर सामुहित खेती गर्न चाहेमा जग्गा धनीसंग गरीएको सम्झौता पत्र ।

(ङ) बाँझो जमिनमा वर्ष भरी कुन, कुन बाली कति क्षेत्रफलमा लगाउने हो सो को विवरण ।

(च) समूह, सहकारी र समुदायको हकमा निर्णयको प्रतिलिपि

(छ) एउटा समुदाय/कृषि सहकारी/ब्यक्ति/फर्म/उद्यमीका लागि बढीमा ५ विघा जमिनको भाडामा अनुदान दिन सकिने ।

**(९) जग्गा भाडामा अनुदानका लागि छनौट गर्दा प्राथमिकीकरण**

| अनुदानग्राही | प्राथमिकीकरण | कैफियत |
|---|---|---|
| विपन्न समुदायका व्यक्ति वा विपन्न वर्गका व्यक्तिहरुको समूह | पहिलो | गैरसरकारी सस्थाले आर्थिक तथा प्राविधिक सहयोग गरेको अवस्थामा जमिन भाडाका लागि प्राथमिकता दिइनेछ । |
| कृषक समूह, कृषि सहकारी | दोस्रो | |
| कृषि फर्म, कृषि उद्यमी | तेस्रो | |

## १९. <u>सात्ताहिक घुम्ति भेटेरीनरी सेवा सञ्चालन कार्यक्रम</u>

**(१) परिचय :**

सुदूरपश्चिम प्रदेशमा पशुपन्छीका रोगहरुको तत्काल रोग निदान गरी गुणस्तरीय भेटेरिनरी सेवा पुऱ्याउन र बिभिन्न समयमा देखिने महामारी रोगहरुको नियन्त्रण गरी कृषकहरुलाई हुने आर्थिक नोक्सानीबाट बचाउनयो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) प्राविधिक पक्ष**

(क) निर्देशनालयले दुई जना पशु चिकित्सक र दुई जना पशु सेवा प्राविधिकहरु करार सेवामा भर्ना गर्ने वा परामर्शदाताबाट जनशक्ति आपुर्ति गर्ने ।

(ख) एक पशु चिकित्सक र एक जना पशु सेवा प्राविधिक कैलाली र एक पशु चिकित्सक र एक जना पशु सेवा प्राविधिकलाई कञ्चनपुरमा निर्देशनालयले खटाउने छ।

(ग) खटाइएका प्राविधकहरुलाई विज्ञ केन्द्रले खोप सेवा, घुम्ती सेवा, औषधि उपचार सेवा, आकस्मिक सेवाका लागि कार्यालय र फिल्डमा कामकाज गर्न खटाउने छ ।

(घ) खटाइएको प्राविधिकहरुले महिना भरी सम्पादन गरेको कामको फेहरीस्त तयार गरी विज्ञकेन्द्र प्रमुखले प्रमाणित गर्नु पर्नेछ ।

(ङ) निर्देशनालय र विज्ञ केन्द्र ले घुम्ति सेवाका लागि विभिन्न स्थानीय तह संग समन्वय गरी आवश्यकतानुसार साप्ताहिक तथा पाक्षिक रुपमा घुम्ति सेवा सञ्चालन गर्नु पर्नेछ ।

**(३) आर्थिक पक्षः**

(क) करारमा भर्ना गरेका प्राविधिकहरुको पारीश्रमिक कार्यक्रम खर्च शिर्षकबाट ब्यहोरीनेछ ।

(ख) पशु चिकित्सक अधिकृत स्तर सातौ तह र पशु सेवा प्राविधिक सहायक पाँचौ तहको योग्यता पुगेको ब्यक्ति भर्ना गरीनेछ र निजहरुको पारीश्रमिक नेपाल सरकारले निर्धारण गरे अनुसार हुनेछ । परामर्शदाताबाट जनशक्ति आपुर्ति गर्नुपर्ने अवस्थामा नियमानुसार लाग्ने कर तथा अन्य व्यवस्थापन खर्च समेत दिन सकिने छ ।

(ग) इन्धन, औषधि उपचार, खोप र आवश्यक औजार उपकरणका लागि विज्ञ केन्द्रको माग तथा सिफारीस अनुसार निर्देशनालयले उपलब्ध गराउनेछ ।

## २०. Large Plot Demonstration सञ्चालन कार्यक्रम

**(१) परिचय**

उन्नत कृषि प्रविधि कृषकहरु समक्ष पुऱ्याउन, उन्नत कृषि प्रविधिलाई सबैले प्रत्यक्षरुपमा देख्न सक्ने गरी प्रविधि प्रदर्शन गर्न र कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहीत गर्नका लागि यस प्रदेशका सबै जिल्लामा विभिन्न बालीहरुको Large Plot Demonstration सञ्चालन गर्न आवश्य छ ।

**(२) उद्देश्य**

(क) उन्नत कृषि प्रविधिलाई बृहतरुपमा प्रदर्शन गर्नु ।

(ख) उन्नत तथा उपयुक्त कृषि प्रविधिलाई कृषक समक्ष पुऱ्याउनु ।

(ग) कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहन गर्नु ।

(घ) कृषि प्रविधिको पहुँच नपुगेका वा कम पुगेका समुदायमा कृषि प्रविधि पऱ्याउने ।

**(३) लक्षित समुहः** कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** तपशिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) प्रदर्शन सञ्चालन गरीने क्षेत्र छनौट

(ख) प्रदर्शन सञ्चालन गर्ने कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति छनौट

(ग) कार्यक्रमको उद्देश्य बारे जानकारी

(घ) बालीको Package of Practice अनुसार प्रदर्शन सञ्चालन

(ङ) तरकारी बालीमा पोली हाउस, सेमी हाइटेक पोली हाउस निर्माण

(च) बाली अवधिभर कम्तिमा तीन पटक स्थलगत अनुगमन

(छ) कृषकहरु र सरोकारबालाहरुलाई प्रदर्शन स्थल अवलोकन गराउने

(ज) कार्यक्रम सञ्चालन देखि उत्पादनसम्म तथ्याँक संकलन गर्ने

(झ) उपलब्धी बारे जानकारी गराउने

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) उन्नत तथा उपयुक्त कृषि प्रविधि प्रसार हुने ।

(ख) कृषि व्यवसायिकरणका लागि कृषकहरु प्रोत्साहित हुने ।

(ग) विपन्न वर्ग, विपन्न क्षेत्रमा कृषि प्रविधि पुग्ने

**(६) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) विपन्न समुदाय तथा विपन्न क्षेका कृषक समूह, कृषि सहकारी, कृषि समितीहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सकभर सरकारी संघ सस्थाको जमिन भाडामा लिएर विपन्न समुदायका ब्यक्तिहरु लाभान्वित हुने गरी प्रदर्शन स्थत छनौट गर्ने ।

(ग) तराईमा कम्तिमा २ विघा र पहाडी तथा हिमाली जिल्लामा कम्तिमा ७ रोपनीमा Large Plot Demonstration सञ्चालन गर्नु पर्ने ।

**(७) अनुदानग्राहीले पालन गर्नु पर्ने कुराहरु**

(क) कार्यालयले उपलब्ध गराउने उत्पादन सामग्रीहरु बाहेकका कृषि कर्महरु अनुदानग्राहीले गर्नुपर्ने

(ख) कार्यालयको सुझाव अनुसारका सम्पूर्ण कार्यहरु अनुदानग्राहीहरुले गर्नुपर्ने ।

(ग) तथ्याँक संकलनमा सहयोग गर्नुपर्ने ।

**(८) आर्थिक पक्षः**

(क) सरकारी संघ सस्थाको जमिन भाडामा लिएर Large Plot Demonstration सञ्चालन गरेमा

१) उत्पादन समाग्री कार्यालयले निशुल्क उपलब्ध गराउने

२) कृषकहरु उपस्थित भएको दिन नियमानुसारको चियापान खर्च कार्यालयले ब्यहोर्ने

३) तथ्याँक संकलन तथा प्रकाशन

## २१. <u>युवा लक्षित कार्यक्रम</u>

**(१) परिचय**

शिक्षित तथा बेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न र उनीहरुलाई व्यवसायिक कृषि मार्फत पनि स्वरोजगार श्रृजना गरी पारिवारीक सम्बृद्धि ल्याउन सकिन्छ भन्ने विश्वास दिलाउन यो कार्यक्रम सञ्चालन गरीनेछ ।

**(२) उद्देश्य**

(क) शिक्षित तथा बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गर्नु ।

(ख) कृषि पेशा शुरु गरेका युवाहरुलाई ब्यवासायिक कृषि गर्न प्रोत्साहन गर्नु ।

(ग) युवाहरुका लागि कृषिमा स्वरोजगार श्रृजना गर्नु ।

**(३) लक्षित समुहः** २० वर्ष देखि ५५ वर्षका शिक्षित तथा बेरोजगार युवाहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः** देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न अनुदान सहयोग गरीनेछ ।

(क) तरकारी खेती

(ख) च्याउ उत्पादन

(ग) मौरी पालन

(घ) फलफूल खेती

**(५) अपेक्षित उपलब्धिहरुः**बेरोजगार तथा शिक्षित युवाहरुद्धारा व्यवसायकरुपमा तरकारी खेती, च्याउ उत्पादन, मौरी पालन र फुलफूल खेती गरेका हुनेछन् ।

**(६) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) जिल्लाको दुर्गम क्षेत्रका युवाहरुलाई प्राथमिकता दिने ।

(ख) सानास्तरमा कृषि कार्यमा संलग्न युवालाई व्यवसायिक कृषिका लागि प्रोत्साहन गर्ने ।

**(७) अनुदानग्राहीले पालन गर्नुपर्ने कुराहरु**

व्यवसायिकरुपमा कृषि कार्य गर्नुपर्ने ।

**(८) आर्थिक पक्षः**

(क) विपन्न वर्ग तथा पछाडी परेका समुदायका युवाहरुलाई लागत अनुमानको ७५ प्रतिशत वा रु ५० हजार मध्ये जुन कम हुन्छ त्यति रकम अनुदान दिने ।

(ख) अन्य वर्गका युवाहरुलाई लागत अनुमानको ५० प्रतिशत वा रु ४० हजार मध्ये जुन कम हुन्छ त्यति रकम अनुदान दिने।

## २२. <u>वृहत एवम् विशेष उत्पादन तथा औद्योगिकरण कार्यक्रम</u>

**(१) परिचयः**

सुदूरपश्चिम प्रदेशमा छरिएर रहेको बजारयोग्य कृषि उपजलाई एकिकृत गरि उपभोक्ताको माग अनुसार प्रशोधन र बजारिकरण गर्दै प्रदेशमा कृषि जन्य उद्योगहरु स्थापना गर्न तथा बृहत एवम् बिशेष उत्पादन तथा औद्योगीकरण कार्यक्रम कार्यान्वयनमा एकरुपता ल्याउन सम्बन्धि कार्यहरुको व्यवस्थापन गर्न यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२) कार्यक्रम कार्यान्वयन समितिः** (क) कार्याक्रम सञ्चालन गर्ने निकायमा देहाय बमोजिम कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, कार्यक्रम सञ्चालन गर्ने निकाय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको केन्द्र | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| (घ) | प्रतिनिधि, सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघ | सदस्य |
| (ङ) | प्रमुख, योजना शाखा हेर्ने अधिकृत, कार्यक्रम सञ्चालन गर्ने निकाय | सदस्य-सचिव |

(ख) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले तोकेका स्थानमा निर्दृष्ट बाली वा वस्तुको उद्योग स्थापनाका लागि कार्यक्रम सञ्चालन गर्ने ,

(ख) प्रचलित कानून बमोजिम प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ग) तोकिएका मुल्यांकनका आधारहरुको परिधिभित्र रही वस्तुपरक र न्यायोचित ढंगले अंकभार बाँडफाँड गर्ने,

(घ) प्राप्त प्रस्तावहरुको मुल्यांकनका लागि सहयोग गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई आवश्यक निर्देशन दिने तथा अनुगमन मूल्यॉंकन गर्ने ।

(३) **कार्यक्रम कार्यान्वयन प्रक्रिया सम्बन्धि व्यवस्थाः** कार्यक्रम कार्यान्वयन प्रक्रिया र कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था कृषिजन्य उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

## २३. फोरेज मिसन कार्यक्रम

**(१) परिचय**

पशुपन्छीमा आहारा व्यवस्थापन निकै चुनौतिपूर्ण छ । हिउँदको सुख्खा याममा हरियो घाँसको उपलब्धता बढाउन सके दुध र मासुको उत्पादनमा बढोत्तरी हुनेछ । पशु आहाराको उत्पादनलाई प्रवर्द्धन गर्न, घाँसको अभाव हुने समयमा पोषिलो आहार उपल्ध गराई पशुजन्य उत्पादकत्वमा वृद्धि गर्न र पशु उत्पादन लागत कम गर्न यो कार्यक्रम सञ्चालनमा रहेको छ ।

**(२) प्राविधिक पक्ष**

(क) यस कार्यक्रम अन्तर्गत घाँस बीउको moisture %, Purity %, Germination %, आदिको जाँच सहितको गुणस्तरीय बीउ कृषक, कृषि फर्म, कृषक समुह, कृषि सहकारीलाई उपलब्ध गराउन सकिनेछ ।

(ख) हिउँदे घाँसमा जई, वर्सिम तथा भेच र वर्षायाममा हुने वहुवर्षिय घाँसखेतीमा स्टाइलो, मुलाटो, सेटेरिया, वदामे, पास्पालन, नेपियर आदि खेती गर्न सकिनेछ ।

(ग) आवेदकले हिउँदे तथा वर्षे घाँसहरुको हकमा कम्तिमा ५ रोपनी, वहुवर्षिय घाँसको हकमा कम्तिमा १० रोपनी र डालेघाँसको बीउ उत्पादन हकमा कम्तिमा ८ प्रजातिको वार्षिक १०००० विरुवा उत्पादन गर्नु पर्नेछ ।

(घ) प्रत्येक जिल्लामा घाँस बीउ/विरुवाको नर्सरी, घाँस उत्पादन र श्रोत केन्द्र स्थापना गर्न सकिनेछ ।

(ङ) Urea Mineral Molasses Block (UMMB), Total Mix Ration (TMR), साइलेज, आदि प्रविधि प्रदर्शन गर्न सकिनेछ ।

**(३) आर्थिक पक्षः** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ बमोजिम हुनेछ ।

## २४. कृषि उत्पादनका विषयमा शोधकार्य/Internship कार्यक्रम

**(१) परिचयः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा अन्तर्गतका कृषि विकास सम्बन्धि कार्यहरुको गुणस्तर सुधार्न, कृषि उत्पादन र समस्यामा आधारित भएर अनुसन्धान केन्द्रित बनाउने उद्देश्यले उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी, प्राध्यापक तथा अनुसन्धानकर्तालाई सोधकार्य/Internship कार्यक्रम प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्यः** प्रदेशमा रहेका कृष सम्बन्धि विषयमा अनुसन्धान गर्ने तथा सुधारका लागि सुझाव लिने ।

**(३) प्राविधिक तथा कार्यक्रम कार्यान्वयन समितिः** (१) कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिम प्राविधिक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, कार्यक्रम सञ्चालन गर्ने निकाय | संयोजक |
| (ख) | योजना महाशाखा प्रमुख वा अधिकृत प्रतिनिधि, मन्त्रालय | सदस्य |
| (ग) | प्रदेश लेखा इकाई कार्यालय | सदस्य |
| (घ) | विषयसँग सम्बन्धित बिज्ञ | सदस्य |
| (ङ) | योजना प्रमुख, कार्यक्रम सञ्चालन गर्ने निकाय | सदस्य-सचिव |

**(४) समितिको काम ,कर्तव्य र अधिकार**

(क) सुदुरपश्चिम प्रदेशमा कृषि सम्बन्धि अनुसन्धान मा रहेका समस्याहरुको प्राथमिकिकरण समस्याहरुको सुची तयार गर्ने ।

(ख) कार्यक्रम बजेट अनुसार आवेदनका लागि सुचना प्रवाह गर्ने वा ईच्छुक कृषि विश्वविद्यालय सँग MOU गर्ने।

(ग) आवेदनको ढाँचा, प्रस्तावको ढाँचा, मुल्यांकनका आधारहरु र अन्तिम रिपोर्टको ढाँचा निर्धारण गर्ने ।

(घ) शोधकर्ताहरुको छनौट गर्ने ।

(ङ ) शोधकर्ताले गरेको खोज तथा अनुसन्धानकर्ताको अनुगमन गर्ने ।

(च) अनुदान प्राप्त गरेका शोधार्थीहरुको शोध कार्यको प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने ।

**(५) प्रस्ताव आह्वावान र छनौट प्रक्रिया**

(१) प्राविधिक तथा कार्यक्रम कार्यान्वयन समितिले तयार पारेका सुचीमा आधारित भएर कार्यक्रम कार्यान्यवन निकाय ले स्वीकृत कार्यक्रमको परिधी भित्र रही कम्तीमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा १५ दिने समायावधि दिई सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) कुनै विश्वविद्यालयले कार्यालयसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ईच्छा देखाएमा र कार्यक्रम कार्यन्वयन समितिले निर्णय गरि सहमति दिएमा कार्यालयले विश्वविद्यालयसँग सिधै MOU गरि कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) छनौट भएका शोधकर्ताहरु सँग कार्यालयले शोधकार्य सञ्चालन तथा प्रतिवेदन तैयारिका लागि शर्त र बन्देजहरु उल्लेख गरि सम्झौता गर्नुपर्नेछ ।

(४) शोधकर्ताले कार्यालयसँग भएको सम्झौता बमोजिम तोकेको फर्मेटमा लिखित प्रतिवेदन तथा प्रस्तुतिकरण गर्नुपर्नेछ । प्रस्तुतिकरणका क्रममा कार्यालयले दिएका सुझाव अनुसार प्रतिवेदनमा सुधार गर्नु शोधकर्ताको कर्तव्य हुनेछ ।

(५) रकम भुक्तानिका लागि शोधकर्ताले अन्तिम प्रतिवेदन तथा सम्झौता बमोजिम गरिएको खर्चको विल भर्पाई तथा अन्य कागजातहरु पेश गर्नुपर्नेछ ।

(६) शोधकर्ताले आवश्यक कागजातहरु पेश गरेपछि सम्बन्धित शोधकर्ताको बैंक खातामा कार्यालयले सम्झौता बमोजिमको रकम भुक्तानी गर्नेछ ।

(६) **खर्चको मापदण्ड** : (१) यस कार्यक्रममा सहभागि हुने विद्यार्थी/प्राध्यापकहरुलाई शोधकार्य सञ्चालनका लागि प्रदान गरिने अनुदानको मापदण्ड देहाय बमोजिम हुनेछ:

| कार्य प्रकार | अधिकतम रकम | समयावधि | कैफियत |
|---|---|---|---|
| क. सोधकार्य अनुसन्धान (Thesis Research and Survey) | बढीमा ४ लाख मात्र | कार्ययोजना अनुसार | विद्यावारिधि तह |
| | बढीमा २ लाख मात्र | | स्नातकोत्तर तह |
| | वढीमा ५० हजार | | स्नातक Intern |

## २५. बहुतले खेती (Vertical Farming) कार्यक्रम

**(१) परिचय**

खुला जमिनमा बहुतले खेती गरेर सौर्य उर्जाको अधिकतम उपयोग गर्दै कम्तिमा तिन वटा बालीको उत्पादन लिएर आम्दानी बृद्धी गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य**

(क) सिमित जमिनमा बहुबाली लगाएर उत्पादन बृद्धि गर्नु ।

(ख) जमिनको अधिकतम उपयोग बारे प्रदर्शन गरेर देखाउनु ।

**(३) लक्षित समुहः** कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म ।

**(४) प्रमुख क्रियाकलापहरुः** देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न अनुदान सहयोग गरीनेछ ।

(क) कार्यक्रम सञ्चालन गरीने स्थल तथा अनुदानग्राही छनौट गर्ने ।

(ख) अग्लो हुने र मध्यम उचाईको फलफूल छनौट गर्ने ।

(ग) होचो हुने बाली वा फलफूल छनौट गर्ने ।

(घ) छनौट गरेको फलफूल अनुसार रेखाँकन गर्ने ।

(ङ) फलफूल रोपणका लागि खाडल खन्ने र मलखाद प्रयोग गरी बिरुवा रोपण गर्ने ।

(च) होचो हुने बाली वा फलफूल रोपण गर्ने

(छ) कार्यक्रम बारे समुदायलाई जानकारी गराउने ।

**(५) अपेक्षित उपलब्धिहरुः** बहुतले खेती प्रविधिको प्रयोग गरी जमिनको अधिकतम उपयोग भएको हुनेछ ।

**(६) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) सकभर बाँझो जमिन छनौट गर्ने ।

(ख) जंगली जनावरले नोक्सान नगर्ने फलफूल तथा बाली छनौट गर्ने ।

(ग) तराईमा कम्तीमा १० कठ्ठा र पहाड तथा हिमाली जिल्लामा कम्तिमा ३ रोपनी जमिनमा प्रदर्शन सञ्चालन गर्ने ।

**(७) अनुदानग्राहीले पालन गर्नुपर्ने कुराहरु**

(क) जमिन खनजोत गोडमेल तथा रेखदेख

**(८) आर्थिक पक्षः**

(ख) उत्पादन सामग्री निशुल्क उपलब्ध गराउने

(ग) सहभागीहरुको खाजा खर्च

(घ) विविध ब्यवस्थापन खर्च

## २६. <u>माटो सुधारका लागि हरीयो मल कार्यक्रम</u>

**(१) परिचय**

माटोको प्राङगारिक पदार्थ, माटोमा सुक्ष्मजैविक कृयाकलाप बढाई माटोको उर्बराशक्ति वृद्धि गरी कृषि वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न रसायनिक मलको वैकल्पिक उत्तम उपाय हरियो मलको प्रयोग रहेको छ । हरियो मल वनाउन प्रयोग हुने वालीले सुक्ष्म जीवाणुहरुको सहकार्यमा हावामा भएको नाईट्रोजनलाई जरामा हुने गिर्खामा स्थिरीकरण गरी राख्ने हुदा हरियो अवस्थामा नै उक्त वालीलाई माटोमा मिसाई प्रयोग गरिने हरियो मलबाट माटोको भौतिक, रसायनिक र जैविक गुणमा सुधार ल्याई माटोको उर्बराशक्ति बृद्धि मार्फत उत्पादन बढाउन सकिन्छ ।

**(२) उद्देश्य**

(क) माटोमा प्राङ्गारिक पदार्थको मात्रा बृद्धि गर्नु ।

(ख) माटोमा रहेका खाद्यतत्वको उपलब्धता बृद्धि गर्नु ।

(ग) वायुमण्डलिय नाईट्रोजनको स्थिरीकरण गरी माटोमा नाईट्रोजनको मात्र बृद्धि गर्नु।

(घ) माटोको भौतिक, रसायनिक र जैविक गुणमा सुधार ल्याई वालीको उत्पादन र उत्पादकत्व बढाउनु।

**(३) लक्षित समुहः** कृषि खेति गर्ने अगुवा कृषक, कृषक समूह, सहकारी

**(४) क्रियाकलापहरुः** उक्त कार्यक्रम सञ्चालन गर्न स्थलगत तथा बाहिर बाट ल्याई प्रयोग गरिने हरियो मलको प्रयोग गर्नु पर्नेछ। स्थलगत हरियो मललाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ। ढैचा, सनई, मुंग, बोडी र बर्सिम देहाय बमोजिमका वालीहरुलाई स्थलगत हरियो मलको रुपमा प्रयोग गर्न सकिनेछ ।बाहिर बाट ल्याई प्रयोग गरिने हरियो मलको हकमा एजोलाको प्रयोग गर्न सकिनेछ ।

**(५) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः** जिल्ला भित्र रहेका अगुवा कृषकहरुलाई हरियो मल प्रदर्शनका लागी छनौट गरी सञ्चालन गरिनेछ।स्थलगत हरियो मल प्रदर्शनका लागी तराईमा २ बिघा र पहाडमा ५ रोपनी क्षेत्रफलमा गर्नु पर्नेछ । एजोलाको हकमा धानवालीमा कम्तीमा १ रोपनी क्षेत्रफलमा गर्नु पर्नेछ ।

**(६) आर्थिक पक्षः** उक्त कार्यक्तम प्रविधि प्रदर्शनको रुपमा निशुल्क सञ्चालन गरिनेछ ।

## २७. <u>कृषि तथा बाली तथ्याँक लिने (क्रप कटिङ, बजार मूल्य) कार्यक्रम</u>

**(१) परिचयः** कृषि तथा बाली तथ्याङ्क लिने कार्यक्रम अन्तर्गत वाली कटानी, फलफूलको बगैचाको विवरण, नर्सरीको विवरण, पाक्षिक मुल्यको विवरण, व्यवसायिक तरकारी खेति गर्ने कृषकको विवरण लगायतको विवरण संकलन गरी कृषि तथा बाली तथ्याङ्क लिने कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उदेश्यः**

(क)वाली कटानी मार्फत कृषिको उत्पादन र उत्पादकत्व निर्धारणका लागी आँकाडा लिनु।

(ख)जिल्ला स्थित रहेका फलफूल वाली, नर्सरी, बजार मुल्य लगायतका विवरणहरु संकलन गर्नु।

**(३) लक्षित समुहः** अगुवा कृषकहरु

**(४) क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत तपसील अनुसार कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(क)वाली कटानी/क्रप कटिङ

(ख)व्यवसायिक फलफूल बगैचाको विवरण संकलन

(ग) नर्सरी धनीको विवरण संकलन

(घ) तरकारीको पाक्षिक मुल्य संकलन

(ङ) व्यवसायिक तरकारी खेति गर्ने कृषकको विवरण संकलन

**(५) न्यूनतम मापदण्ड तथा प्रासाङ्गिक विषयः**

(क) वाली कटानी/क्रप कटिङः जिल्ला/स्थानीय तहमा विभिन्न बालीहरूको कूल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष निम्नानुसार समूहमा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्नुपर्दछ ।

(१) सिञ्चित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल

(२) असिञ्चित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल

(३) सिञ्चित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल

(४) असिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल

(ख) बाली कटानी गर्दा प्रति स्थानीय तह देहाय अनुसार गर्नुपर्नेछ।

| बालीको नाम | कटानी गर्नु पर्ने जम्मा प्लट | कटानी गर्नु पर्ने आकार |
|---|---|---|
| धान | ८ | १० वर्ग मिटर |
| गहुँ | ६ | १० वर्ग मिटर |
| मकै | ६ | १० वर्ग मिटर |
| कोदो | ४ | १० वर्ग मिटर |
| आलु | ५ | १० वर्ग मिटर |
| तेलहन | ५ | १० वर्ग मिटर |
| दलहन | ५ | १० वर्ग मिटर |
| उखु | ५ | १० वर्ग मिटर |
| तरकारी | ५ | १० वर्ग मिटर |

(ग) व्यवसायिक फलफूल बगैचाको विवरण संकलनः जिल्लामा भएका व्यवसायिक फलफूल वगैचाको विवरण संकलन गर्नुपर्ने ।

(घ) नर्सरी धनीको विवरण संकलनः जिल्ला स्थित फलफूल नर्सरीहरुको विवरण संकलन गर्नुपर्ने ।

(ङ) तरकारीको पाक्षिक मुल्य संकलनः पाक्षिक रुपमा जिल्लाका मुख्य मुख्य तरकारी बालीको प्रमुख बजारको पाक्षिक मुल्य संकलन गरी कृषकलाई जानकारी गराउने

(च) व्यवसायिक तरकारी खेति गर्ने कृषकको विवरण संकलनः : जिल्ला स्थित व्यवसायिक तरकारी खेति गर्ने कृषकको विवरण संकलन गर्ने ।(तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी तरकारी खेति गर्ने कृषक)

**(६) आर्थिक पक्षः** वाली कटानीका लागी आवश्यक पर्ने समाग्रीहरु (मोईस्चर मिटर, डोरी, टेप,पेग आदी) खरिद लगायत अन्य कार्यक्रममा लागत स्टिमेट अनुसार निशुल्क सञ्चालन गरिने ।

## परिच्छेद-३
## विविध

२८. **लेखा तथा लेखापरीक्षण** : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

२९. **निर्देशन दिन सक्ने:** यस मापदण्ड बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले कार्यालयलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

३०. **अन्य कानून लागू हुने:** यस मापदण्डमा उल्लेख भएको जति कुरा यसै मापदण्ड बमोजिम र यस मापदण्डमा उल्लेख नभएको अन्य कुरामा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ र प्रचलित कानून बमोजिम हुनेछ।

३१. **बाधा अड्काउ फुकाउने :** (१) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।